नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
कार्यक्रम कार्यान्वयन इकाई
केन्द्रिय कार्यान्वयन सहयोग परामर्शदाता

# ग्रामीण खानेपानी तथा सरसफाई आयोजना निर्देशिका-२०६५

# RRRSDP Guideline for RWSS

# 2009

**DRAFT**

## के तपाईलाई पानी सम्बन्धी यस्तो विशेष जानकारी छ ?

- पृथ्वीमा उपलब्ध सबै पानीलाई गणना गर्दा नदी, खोला र ताल आदि सबैमा गरी ०.००७२ प्रतिशत मात्र प्रयोग गर्न सकिने पानी छ ।
- पानी जीवनको आधारभूत आवश्यकता हो तर सफा पानी र सरसफाईको अभावमा संसारमा १ दिनमा २५००० केटाकेटीको मृत्यू हुन्छ ।
- तेस्रो विश्वका धेरै जसो मुलूकहरुमा महिलाले पानी लिन दैनिक २ देखि ३ घण्टाको लागि समय खर्च गर्नु पदर्छ ।
- मान्छेको शरीरमा ४० देखि ५० लिटर पानी हुन्छ र जसलाई प्रत्येक दिन पिउनको लागि मात्र कम्तीमा ३ लिटर पानी चाहिन्छ ।
- थोपा थोपा चुहिने धाराबाट एक दिन भरिमा ९ लिटर पानी खेर जान्छ ।
- मानिस खाना बिना २८ दिन सम्म बाँच्न सक्छ भने पानी बिना ७ दिन भन्दा बढी बाँच्न सक्दैन ।
- नेपालमा एक वर्ष भित्र ५ वर्ष मुनिका बच्चाहरु मध्ये ६०५ जति लाई फोहोर पानीका कारण झाडा पखालाको रोग लाग्ने गरेको पाइन्छ ।
- नेपालको अधिकांश पहाडी क्षेत्रमा ठूला पानीका स्रोतहरु वस्तीको तल्लो भागमा पर्दछ । ऊचाइमा बस्ती भएको कारण पानीको व्यवस्थापन ज्यादै कठीन र खर्चिलो हुन्छ ।
- हालसम्मको अनुभवमा खानेपानीको नयाँ आयोजना निर्माण गर्नु भन्दा सम्पन्न भइसकेको आयोजनाबाट दिगो रुपमा पानी संचालन सेवा उपलब्ध गराउन कठीन भएको कारणले नै खानेपानीमा सामुदायिक व्यवस्थापनको सोचाई अगाडी ल्याइएको हो ।
- खाना, बासस्थान, कपडा, विद्युत वा उज्यालो आदि सवैका बैकल्पिक उपाय छन् । तर पानीको अर्को कुनै विकल्प छैन ।

DRAFT

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन आयोजना खानेपानी तथा सरसफाई आयोजना एक परिचय

सन २०११ सम्ममा नेपालको आधकांश जनसंख्यालाई न्यूनतम स्तरको स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा/सेवा पुऱ्याउने उद्देश्यलाई पूरा गर्न यो आयोजनाले सघाउ पुऱ्याउने छ । एशियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत निम्न कामहरु गरिने लक्ष्य रहेको छ ।

- अधिराज्यका ३८ जिल्लामा ५९१ जति खानेपानी आयोजनाहरु निर्माण गरी ती जिल्लाहरुका जनतालाई स्वच्छ खानेपानीको साथै सरसफाई सम्वन्धी ज्ञान, सुविधा/सेवा उपलब्ध गराउने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई निर्माण पूर्व तथा निर्माण पश्चात् आयोजना निर्माण, संचालन तथा स्वास्थ्य शिक्षा सम्बन्धी तालिम दिने ।
- आयोजना संचालन क्षेत्रका महिला तथा युवा स्वयंसेवक तथा स्वयंसेवी शिक्षक तथा स्वास्थ्य कार्यकर्तालाई खानेपानी तथा सरसफाई सम्बन्धी तालिम दिने ।
- मर्मत संभार कार्यकर्तालाई आयोजना अवधीमा स्थलमै तथा जिल्लास्तरीय कार्यालयमा तालिम दिई आयोजना संचालन तथा मर्मत संभार गर्न समुदायकै जनशक्तिको रुपमा विकास (गरिदिने) गर्ने ।

उपरोक्त अनुसार यस आयोजनाले सम्बन्धित समुदायमा स्वच्छ खानेपानी तथा सरसफाईको व्यवस्था गर्नमा सघाऊ पुऱ्याउने छ । जनस्वास्थ्य सुधारमा स्वच्छ खानेपानीको महत्वपूर्ण भूमिका भएको हुँदा पानीको माध्यमबाट लाग्ने रोग, रोगको रोकथाम तथा उपचारका घरेलु उपायको बारेमा पनि समुदायलाई जनचेतना जगाउने उद्देश्यले उपभोक्ता समितिलाई निर्माण पूर्व तालिम, निर्माण पश्चात तालिम, महिला तथा युवा स्वयंसेवक र सेविकाका साथै स्वास्थ्य कार्यकर्ता तथा आयोजना स्थलका शिक्षकहरुलाई पनि तालिम दिने व्यवस्था गरिएको छ ।

आयोजनाको शुरुवात आयोजनाको मागबाट हुन्छ । यसको लागि उपभोक्ता समुदायले आयोजना माग आवेदन फरम १ प्रति कार्यालयमा तथा १ प्रति गा.वि. स.मा पठाउनु पर्छ । गा.वि.स.ले प्राप्त आवेदन फारम अध्ययन गरी आवश्यक देखेमा सिफारिस साथ जि.वि.स.मा पठाउनु पर्छ । यसरी जि.वि.स. तथा कार्यालयबाट आयोजना छनौट् अध्ययन (SIR-Sub-Project Identification Report) गरिन्छ ।

आयोजनाको पहिचान तथा सो को सम्भाव्यता अध्ययन गरी आयोजनाको अनुमानित लागत निकाली बिभिन्न गाउँबाट प्राप्त माग भएका आयोजनाहरुको छनौट् प्रक्रिया अनुसार मूल्याङ्कन गरी प्राथमिकीकरण तय गरिन्छ र अन्तिम छनौटको लागि जि.वि.स.मा पठाइन्छ । आयोजनाको पहिचानको समय देखि नै उपभोक्ताहरु तथा उपभोक्ता समितिलाई सक्रिय गराई आयोजनाको प्रारुप तयार गरिन्छ ।

यसरी जि.वि.स.बाट अन्तिम चरणमा प्राथमिकिकरण तय भए अनुसार नै छनौट् भएका आयोजनाहरु निर्माणको लागि बजेट व्यवस्था गर्न आयोजना व्यवस्थापन कार्यालयमा पठाइन्छ । आयोजना निर्माणको लागि बजेट विनियोजन भएपछि उपभोक्ता समितिले कुन मूलबाट के कति मात्रामा पानी ल्याई आयोजना संचालन गर्ने हो छोटो विवरण सहित उपभोक्ता समिति जलस्रोत नियमावली अनुसार विधिवत दर्ता गराउनु पर्छ । समिति दर्ता गराउन विधानको आवश्यकता पर्ने भएकोले विधानको नमूना यसै निर्देशिकामा संलग्न गरिएको



DRAFT

छ । नमूना विधानमा आवश्यकता अनुसार उपभोक्ता समितिले दर्ता गर्ने बेलामा थपघट गर्न सक्दछ । विस्तृत सर्वेक्षण गर्न अगावै उपभोक्ता समितिले कुल लागतको १% का दरले मर्मत संभार कोष उठाई बैंक दाखिला गर्नुपर्छ । उक्त रकम पानी उपयोग गर्ने प्रत्येक घरवाट दामासाहीले उठाउनु पर्छ । त्यसपछि आयोजनाको विस्तृत सर्वेक्षण अधययन गरिन्छ । साथै सो को विस्तृत ल. ई. तयार गरिन्छ । ल. ई. तैयारीका साथ साथै उपभोक्ता समितिलाई निर्माण पूर्व तालिम तथा स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रमहरु संचालन गरिन्छ । आयोजनाको ल.ई. मा समावेश भएका इन्टेक, पानी टंकी, धारा आदिको बारेमा छलफल गरेपछि थपघट नहुने गरी आयोजना स्वीकृत गरिन्छ । यस बेला कुन काम कुन निकायले कहिले गर्ने, जनसहभागिता अन्तर्गत कुन कुन काममा के कति गरिन्छ, सबै स्पष्टसंग तय गरी जि.प्रा.का.र उपभोक्ता समिति बीच आयोजना सम्झौता फारम अनुसार सम्झौता गरिन्छ । सम्झौताको लगतै पछि स्वास्थ्य शिक्षा तथा सरफाई कार्यक्रमको थालनी हुन्छ ।

खानेपानीको सेवा प्राप्त हुँदैमा जनस्वास्थ्यमा ठूलो सुधार आउँछ भन्न नसकिने भएकोले उपभोक्ता तथा सरसफाई समिति प्रेरकको रुपमा रही सरसफाई कार्यलाई अगाडि बढाउनु पर्छ । प्रत्येक उपभोक्ता समिति सदस्यले अनिवार्य रुपमा शौचालय निर्माण गरी उदाहरण प्रस्तुत गरेपछि अरुलाई पनि उत्प्रेरीत गर्न सकिन्छ । फोहोर फाल्ने व्यवस्थित खाल्टो निर्माण गर्नुको साथै घर आगन र सरसफाई सम्बन्धी ज्ञान उपभोक्ता वर्गलाई सिकाउनु पर्दछ । यो नै खानेपानी तथा सरसफाई आयोजनाको उद्देश्य र कार्य पनि हो । समुदायको आफ्नो समस्या आफैले नै सुल्झाउने र आयोजनालाई दिगो बनाउने कार्यमा उपभोक्ता तथा सरसफाई समिति आफै निरन्तर रुपले प्रयत्नशील भइरहनु पर्दछ । ग्रामीण पुनर्निर्माण तथ पुनर्स्थापना आयोजना खानेपानी तथा सरसफाई आयोजनाको लागि आवश्यक पर्ने पाइप तथ फिटिङ्ग सामानहरु जिल्ला प्राविधिक कार्यालयले बन्दोवस्त गदर्छ । आयोजना निर्माण सम्झौता अनुसार उक्त सामाग्रीको ढुवानी जिल्ला प्राविधिक कार्यालय वा उपभोक्ता समितिले गराउँछ । सामाग्री ढुवानी गराउँदा ढुवानी गराउने निकायले त्यसको सुरक्षाको जिम्मा लिनु पर्दछ । सामाग्री आयोजना स्थलमा आइपुगेपछि निर्माण कार्य शुरु गरिन्छ । निर्माण कार्य इन्टेकबाट शुरु हुन्छ । इन्टेक निर्माण पश्चात् ट्रान्समिसन पाइप लाइनको काम गरिन्छ । आयोजना सम्पन्न भए पश्चात् उपभोक्ता समितिले नै संचालनको दायित्व लिनुपर्ने भएको हुँदा उपभोक्ता समितिले आयोजनाको प्रारुप शुरु भएकै बेला देखि मर्मत संभार कार्यकर्ता छनौट् गरी राख्नु पर्छ । यस्तो मर्मत संभार कार्यकर्तालाई इन्टेकबाट पाइप लाइन जडान गर्न थालेकै दिनदेखि काममा लगाउनु पर्छ । यसो गर्दा निजले कुन ठाउँमा के कस्तो पाइप वा सामाग्री प्रयोग भएको छ र के कस्ता समस्या छन् भन्ने थाहा पाउँदछ । काम गरेको दिनको पारिश्रमिक पाइप जोड्ने कामदारको ज्याला दिने रकमबाट व्यवस्था गर्न सकिन्छ । पाइप जडानको समयमा उपभोक्ता समितिले मर्मत संभार कार्यकर्ता नियुक्ति नगरेको खण्डमा जिल्ला प्राविधिक कार्यालयले काम रोक्न पनि सक्नेछ । आयोजनामा बनिनु पर्ने स्ट्रक्चरहरु, इन्टेक, (Break Pressure Tank BPT) वि.पी.टी. आदि निर्माण गरी ट्रान्समिशन लाइनमा पानी चलाइन्छ । ट्रान्समिसन लाइनमा राम्रोसंग पानी संचालन भएपछि र पानी टंकी बनाउने स्थल सम्म पानी आएपछि मात्र डिजाइन अनुसारको बनाउनु पर्ने पानी टंकी बनाइन्छ । निर्माणको यो प्रक्रियालाई उपभोक्ता समिति तथा जि.प्रा.कार्यालय दुवैले पालना गर्नु पदर्छ ।

पानी टंकीको निर्माण संगसंगै वितरण पाइप लाइन पनि जनसहभागिता द्वारा खन्नुपर्छ र वितरण पाइप लाइन जडान, भल्व चैम्वर, बि.पि.टी आदि बनाइन्छ । वितरण पाइप लाइनको काम पूरा भएपछि पानी सञ्चालन गरिन्छ र अन्तिम चरणमा धाराहरु बनाइन्छ । धारा बनाउनु भन्दा अगावै धारा बनिने ठाउँसम्म पानी

आइसकेको हुनु पर्दछ । यसले गर्दा पानी पटाउन (Curing) को लागि सजिलो भई निर्माण भएको कामको गुणस्तर राम्रो हुन्छ । धाराको लट्ठा (पोष्ट) सबै तयार भइसकेपछि पाइप जोडी सुचारु रुपले पानी सञ्चालन भएपछि आयोजनाको स्वामित्व-पत्र उपभोक्ता तथा सरसफाई समितिलाई प्रदान गरिन्छ। तत्पश्चात् उपभोक्ता तथा सरसफाई समितिले प्रत्येक सामुदायिक वा निजी धाराबाट महशुल बापत नगद उठाई प्रत्येक महिना मर्मत सम्भार कार्यकर्तालाई पारिश्रमिक दिई खानेपानीको सेवालाई निरन्तरता प्रदान गर्नु पर्दछ। केही टुटफुट हुन गएमा समयमै मर्मत कार्यकर्तालाई परिचालन गरी उपभोक्तबाट उठाइएको रकमबाट तुरुन्त मर्मत संभार गराउनु पर्दछ । जिल्ला प्राविधिक कार्यालयले उपभोक्ता तथा सरसफाई समितिलाई हस्तातरण गरिदिएका सामाग्रीहरु सुरक्षित साथ भण्डार गरी यसको लागत विवरण ठीकसंग राख्नु पर्दछ ।

DRAFT

# ग्रामीण पुनर्निमाण तथा पुनर्स्थापना आयोजना खानेपानी तथा सरसफाई आयोजना कार्यक्रम र प्रक्रिया

लक्ष्य : समुदायमा उपभोक्ताहरुको स्वास्थ्यमा सुधार, आयबृद्धि तथा जनजीवनको गुणस्तरमा अभिवृद्धि गरी जीवनस्तर उकास्नु हो ।

उद्देश्य :

- ❖ सुरक्षित तथा पर्याप्त खानेपानी घर नजिक उपलब्ध गराउने ।
- ❖ खानेपानीको प्रयोग, स्वास्थ्य शिक्षा तथा सरसफाई कार्यक्रमलाई खानेपानी संग एकिकृत गरि स्थानीय श्रोत, साधन र वास्तविकताका आधारमा सञ्चालन गर्ने ।
- ❖ ग्रामीण पुनर्निर्माण तथा पुर्नस्थापना आयोजना खानेपानी तथा सरसफाई आयोजना कार्यक्रमलाई प्रभावकारी, दिगो सहभागितामूलक, नतिजामूलक तथा अनुकरणीय बनाउन खानेपानी उपभोक्ता तथा सरसफाई समितिको क्षमता विकास तथा सुदृढ गराउने ।

सिद्धान्त :

- ❖ खानेपानी आयोजनाका लागि आएको प्रस्ताव केही व्यक्तिका लागि मात्र नभई वृहत उपभोक्ताको लागि हुनुपर्दछ ।
- ❖ आयोजनाको लागि प्रस्तावित श्रोत/मुहान स्वच्छ, विश्वासिलो, विवादरहित तथा समुदाय/गाउँको नजिकमा हुनुपर्दछ ।
- ❖ आयोजनाका विभिन्न चरण र अवधिमा समुदायका सम्पूर्ण सदस्यहरु जस्तै : पुरुष, महिला, युवक, बृद्ध, धनी, गरीव, सानो, ठूलो तथा सवै जातजातिका व्यक्तिहरु सहभागि हुनुपर्दछ ।
- ❖ घर परिवार व्यक्तिगत तथा गाउँ स्तरमा खानेपानी तथा सरसफाई सम्बन्धमा सुधार गर्दै लैजाने कुरामा उपभोक्ताहरु वचनबद्ध हुनुपर्दछ ।
- ❖ खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुले आयोजनामा लाग्ने रकमको केही अंश ब्यहोर्ने आयोजनाको ब्यवस्थापन र मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी आफैले लिनु पर्दछ ।
- ❖ खानेपानी उपभोक्ता तथा सरसफाई समितिले आयोजनाको छनौट, तयारी, निर्माण आदि सम्पन्न भइसकेपछि सो को मर्मत सम्भारका लागि रकम जम्मा गर्ने तथा मर्मत संभार कार्यकर्ताको उचित ब्यवस्था गर्ने आदि कामको व्यवस्थापन र अनुगमन गर्नु पर्दछ ।
- ❖ खानेपानी उपभोक्ता तथा सरसफाई समिति आयोजनाको निर्माण अवधिमा ब्यहोर्ने खर्च नगदि वा जिन्सी कुनै पनि रुपमा सहयोग गर्न सक्दछन् ।
- ❖ खानेपानी उपभोक्ता तथा सरसफाई समितिका सबै सदस्यहरुले स्वास्थ्य तथा सरसफाई र आयोजनाको ब्यवस्थापन बारे तालिममा सकृय भै भाग लिनु पर्दछ ।
- ❖ उपभोक्ता समितिले पानी महशुल संकलन गरि बचत भएको रकम वा अन्य कुनै तवरले बचत हुने रकम कोषको बैंक खातामा दाखिला गर्नु पर्दछ ।
- ❖ निर्माण पूर्व तालिमको अवधि ६ दिन सम्मको हुनेछ र उक्त तालिम आयोजना स्थलमै वा गा.वि.स. वा जि.वि.स. मा सञ्चालन हुनेछ ।
- ❖ तालिम अवधिको अन्तिम ३ दिनमा बढीमा वा आवश्यकता अनुसार हेरेर दिन तोकिए पछि महिला तथा युवा स्वयम् सेवकहरु पनि तालिममा सहभागि हुनेछन् ।



DRAFT

- ❖ उपभोक्ता समुदायले खानेपानी उपभोक्ता तथा सरसफाई समितिका सदस्यहरु, महिला तथा युवक स्वयम् सेवकहरुको अगुवाईमा खानेपानी, स्वास्थ्य, शिक्षा तथा सरसफाई कार्यक्रममा भाग लिनेछन् ।
- ❖ आयोजना स्तर/गाउँ स्तरमा अवस्थित स्वास्थ्य शिक्षा संग सम्बन्धित निकायहरुबाट सञ्चालन हुने स्वास्थ्य तथा सरसफाई कार्यक्रमसंग एकिकृत गरी समन्वयतात्मक रुपले सञ्चालन गरिने छ ।

**कार्यक्रम** : ग्रामण पुनर्निर्माण तथा पुर्नस्थापना आयोजना खानेपानी तथा सरसफाई आयोजनामा ३ निम्नउल्लेखित पक्षहरु समावेश छन् ।

क) सामुदायिक शिक्षा तथा जनचेतना कार्यक्रम
ख) खानेपानी तथा सरसफाई कार्यक्रम
ग) संस्थात्मक सुदृढिकरण

**सामुदायिक शिक्षा तथा जनचेतना कार्यक्रमको उद्देश्य :**

- ❖ उपभोक्ता समुदायलाई आयोजनाको प्रत्येक चरणमा सहभागि बनाई उनिहरुमा आयोजनाप्रति आफ्नोपनको भावना जगाउने र यसको कार्यान्वयन र ब्यवस्थापनका लागि वचनबद्ध गराउने ।
- ❖ खानेपानीको उचित प्रयोग, स्वास्थ्य शिक्षा तथा सरसफाई कार्यक्रमका सम्बन्धमा स्वास्थ्य सम्बन्धि सकारात्मक परिवर्तन तथा तदनुकुल फाइदा ल्याउन जनचेतनाको साथै शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

**कार्यनीति/क्रियाकलाप :**

खानेपानी तथा सरसफाई आयोजना लाई सहभागिमूलक, परिणाममूलक, दिगो बनाउनको लागि निम्नप्रकारका कार्यनीतिहरु अपनाइएका छन् ।

१. (क) जि.प्रा.का. एउटा महत्वपूर्ण निकाय हो । जसले सहजकर्ताको भूमिका निर्वाह गर्दछ । यस निकायले उपभोक्ता समुदायलाई परिचालन गरी आयोजनाको आवश्यकता पहिचान देखि लिएर यसको तयारी तथा समुदायको क्षमताको विकासका लागि उपभोक्ता तथा सरसफाई समितिका सदस्य, स्वयम् सेवकहरु तथा ग्रामीण मर्मत सम्भार कार्यकर्ताहरुको लागि तालिमको ब्यवस्था गर्नेछ । आयोजनाको निर्माण देखि सम्पन्न गर्दा सम्म आयोजनाको ब्यवस्थापन निमित्त आवश्यक सहयोग र रेखदेख गर्नेछ ।

खानेपानी तथा सरसफाई कार्यक्रमको सन्दर्भमा जिल्ला प्राविधिक कार्यालय जिल्लाका लागि एउटा अगुवाई संस्थाको रुपमा भएकोले यस कार्यक्रसंग सम्बन्धित अन्य निकाय स्वास्थ्य, शिक्षा, गैह सरकारी संघ-संस्थासंग नियमित बैठक र समन्वय कायम गर्नेछ ।

जि.प्रा.का. लाई सामाजिक तयारी र ब्यवस्थापन तथा प्राविधिक कार्यमा सीप विकासका लागि सम्बन्धित विषयमा असस्टेन्ट इन्जिनियर (ओभरसियर), असिस्टेन्ट सब-इन्जिनियर (टेक्नीसियन) हरुलाई तालिम दिइनेछ ।

१. (ख) ग्रामीण पुनर्निर्माण तथा पुर्नस्थापना आयोनजा खानेपानी तथा सरसफाई आयोजना जनमुखि तथा सहभागितामूलक कार्यक्रम हो । यसको उद्देश्य स्वास्थ्य शिक्षा तथा सरसफाई कार्यक्रमको



DRAFT

माध्यमबाट जनचेतना ल्याई स्वच्छ र पर्याप्त पानी उपलब्ध गराउने, आयोजनालाई दिगो बनाई उपभोक्ताहरुको सामाजिक, आर्थिक र स्वास्थ्यमा सुधार ल्याउनु हो ।

उपभोक्ता समुदायलाई आफ्नो खानेपानी तथा सरसफाई आयोजनाको आवश्यकताको पहिचान गर्न र आयोजनाका सम्बन्धमा छलफल, निर्णय र सहमतिमा पुग्न, साथै उनिहरुको भूमिका र दायित्व कार्यान्वयन प्रक्रिया, सरसफाईमा सुधार, आयोजनाको निर्माण, मर्मत सम्भार गर्न जि.प्रा.का.ले आवश्यक सहयोग, मार्गदर्शन र सहजकर्ताको भूमिका निर्वाह गर्नेछ ।

१. (ग)ग्रामिण पुनर्निर्माण तथा पुर्नस्थापना आयोजना खानेपानी तथा सरसफाई आयोजनाको कार्य ३ चरणमा बिभाजित गरिएको छ । (उक्त कुरा कार्यप्रक्रिया तालिकामा प्रस्तुत गरिएको छ) ।

२. आयोजनालाई समुदाय स्तरमा व्यवस्थित तथा सजिलो पार्न चरणबद्ध रुपमा कार्यहरु सम्पन्न गर्दै जानु पर्दछ । कार्य प्रक्रिया अनुसार खानेपानी तथा सरसफाईको लागि निवेदन संकलन गर्ने, आवश्यकताहरुको पहिचान र लेखाजोखा गर्ने तथा सम्भाव्यता अध्ययन, सामाजिक तयारी, निर्माण कार्यको तयारी, आयोजना सम्पन्न र मर्मत सम्भार कार्यका प्रत्येक चरणहरु पूरा भइसकेपछि अन्त्यमा उपभोक्ता समितिलाई स्वामित्व-पत्र प्रदान गरिन्छ । साधारणतया आयोजनाको निर्माण अवधि २ देखि ३ वर्षको हुन्छ । तर यस आयोजनाको सम्पूर्ण कार्य दिइएको वा बाँकी समय (डिसेम्बर २०११)भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

२.१ खानेपानी तथा सरसफाई आयोजनाहरु ३ चरणमा विभाजित भएकोले प्रत्येक चरण अन्तर्गत केही क्रियाकलापहरु हुन्छन्, जसलाई पूरा नगरी दोश्रो वा अर्को चरणमा प्रवेश गर्न मिल्दैन । चरणहरुमा निम्नप्रकारका क्रियाकलापहरु गर्नुपर्ने हुन्छ ।

**प्रथम चरण** :

२.१.१ उपभोक्ता समुदायहरुबाट गाउँ विकास समिति मार्फत मागहरु संकलन गरिन्छ ।

ग्रामीण पुनर्निर्माण तथा पुर्नस्थापना आयोजना खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत योजना माग गर्नुपर्ने भएमा उपभोक्ता समुदायबाट २ प्रति आवेदन फारम (फारम नं.-१) भर्नु पर्नेछ । यसरी भरिएको एक प्रति आवेदन फारम जिल्ला प्राविधिक कार्यालयमा र अर्को प्रति सम्बन्धित गा.वि.स.मा पेश गर्नु पर्ने छ ।

२.१.२ यसरी आएको मागको आवश्यकता पहिचान गर्न निम्न कुराहरु निश्चय गर्न आयोजना छनौट् अध्ययन गरिन्छ ।

- ❖ आयोजनाका निमित्त माग भएको आवश्यकता वृहत समुदायका लागि हो वा केही सिमित ब्यक्तिका लागि मात्र हो ?
- ❖ खानेपानी तथ सरसफाईको साच्चिकै समस्या रहेको छ, छैन ?
- ❖ उपलब्ध श्रोत उपयुक्त, पर्याप्तता, मुहानसम्मको पहुँच कस्तो छ ? कति टाढा पर्छ र विवाद रहित छ, छैन ?
- ❖ गाउँको आर्थिक, स्थास्थ्य समस्या, सामाजिक परिपाटि कस्तो छ ?

गाउँ विकास समिति वा जिल्ला विकास समितिबाट सिफारिश भइ आएका वा सोझै उपभोक्ता समुदायबाट पेश भएका आवेदनहरुको सूचि जिल्ला प्राविधिक कार्यालयले तयार गर्नेछ । यसै सूचि बमोजिमका आयोजनाहरुको माग अनुसारको आवश्यकता पहिचान तथा प्रारम्भिक रुपमा योजना

छनौट् गर्न जि.प्रा. कार्यालयबाट अध्ययन टोली आयोजना स्थलमा पठाउनु पर्नेछ । उक्त अध्ययन टोलीले आयोजनासंग सम्बन्धित विभिन्न जानकारीहरु संकलन गरी फारम नं.-२ बमोजिमको आयोजना छनौट अध्ययन प्रतिवेदन (SIR) तयार गर्नु पर्नेछ ।

२.१.३ जिल्ला विकास समिति संगको सम्पर्क र सल्लाह

आयोजना छनौट् अध्ययन प्रतिवेदन (SIR) वाट तयार भएका आयोजनाहरुमध्ये बाट जिल्ला विकास कार्यालयले निम्न कुराहरुको आधारमा सम्भाब्यता अध्ययनको लागि आयोजनाहरु छनौट गर्नेछ ।

- सामुदायिक माग
- खानेपानी तथा सरसफाईको वास्तविक समस्या
- उपलब्ध श्रोतको पर्याप्तता, उपयोगिता र पहुँच
- गाउँको आर्थिक, सामाजिक परिपाटि र योजनाप्रतिको चाहना

२.१.४ उपभोक्ता समूहसंगको अन्तर्क्रिया

निम्न उद्देश्यहरु परिपूर्ति गर्न उपभोक्ता समूहसंग समूह भेला र कुराकानीबाट अन्तर्क्रिया गरिन्छ :

- ❖ सम्भाब्यता अध्ययनका लागि उपभोक्ता समूहलाई तयार गरी सहभागिता बढाउने ।
- ❖ ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापनाआयोजना खानेपानी तथा सरसफाई आयोजनाको सिद्धान्त, यसको प्रक्रिया, कार्यनिति र तवर तरिकाबारे उपभोक्ता समुदायलाई जानकारी गराउने ।
- ❖ समुदायमा सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य सम्बन्धमा भएका आनिबानी र ब्यवहार बारे पत्ता लगाउने ।
- ❖ उपभोक्ताहरुलाई आयोजनाको पहिचान र प्रारुपमा सहभागि गराई आयोजना प्रति अपनत्व भावना जागृत गर्ने ।

२.१.५ उपभोक्ता संग सम्पर्क गरी निजहरुबाट सम्भाब्यता अध्ययन, आयोजनाको डिजाइन, स्वास्थ्य सरसफाई, निर्माण, मर्मत सम्भारका चरणमा सहभागिता बारे निश्चय गर्ने तथा मुहानबारेको स्विकृती तथा आयोजनाको कार्यान्वयनको अवस्थामा सक्रिय सहभागि गराउने ।

२.१.६ सम्भाब्यता अध्ययनको दौरानमा उपभोक्ताहरुको सहभागितामा विभिन्न अनुसन्धानात्मक प्रविधि प्रयोग गरी सामाजिक, आर्थिक, स्वास्थ्य, प्राविधिक पक्षका साथै महिलाहरुको भूमिका सम्बन्धी जानकारी संकलन गर्ने ।

२.१.७ सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्ध प्राप्त अध्ययन र जानकारीका आधारमा तालिमको तयारी गर्ने ।

२.१.८ अनुगमन तथा मूल्यांकनका लागि सूचाङ्क तयार गर्ने ।

२.१.९ आयोजनामा लाग्ने रकमको प्रारम्भिक अनुमान गर्ने ।

प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन गर्दा आवश्यक पर्ने विभिन्न सामाजिक, आर्थिक र प्राविधिक तथ्याङ्कहरुको संकलन निम्न प्रक्रियावाट गर्नु पर्नेछ ।

(क) समूह भेला (Mass Meeting)



DRAFT

आयोजनाबाट लाभान्वित हुने सम्पूर्ण जनसमूहलाई सूचित गर्दा प्रत्येक गाउँ, टोलमा अवस्थित उपभोक्ता समुदायको अलग-अलग भेला गराउने र सो भेलामा निम्न कुराहरु गर्ने :

- जनसमूहलाई आयोजनाको कार्य प्रक्रिया बारेमा जानकारी दिने ।
- उपभोक्ता समितिको गठन गर्ने ।
- ग्रामीण मर्मत सम्भार तथा सरसफाई कार्यकर्ता (Village Maintenance Worker,VMW) छनौट गर्ने ।
- युवा स्वयं सेवक तथा महिला स्वयं सेविकाको पहिचान गर्ने ।
- जनश्रमदान, मर्मत सम्भार कोष आदिको समेत वचन बद्धता गराउने ।

उपर्युक्त अनुसारको सम्पूर्ण निर्णयहरुको रेकर्ड फारम नं.- ३ (क) बमोजिम राख्नु पर्नेछ ।

(ख) लक्षित समूहगत छलफल (Focus Group Discussion):

समुदायमध्ये सबै क्षेत्रको जानकारी राख्ने, बोल्न सक्ने १० देखि १५ जनाको एक समूह छनौट गर्ने र उनीहरुसंग छलफल गरी निम्न कुराहरुको जानकारी लिने :

- स्वास्थ्य समस्या तथा स्तर सम्बन्धी जानकारी (फारम नं.- ५-क बमोजिम)
- ग्रामीण संरचना, रितिरिवाज र चालचलनको जानकारी (फारम नं.- ५-ख बमोजिम)
- आयोजना क्षेत्रमा भएका विद्यालयहरुको विवरण (फारम नं.- ५ - ग बमोजिम)

(ग) सामाजिक तथ्याङ्कहरु संकलन गर्दा सर्वप्रथम, उपभोक्ताहरुबाट नै फारम नं.- ४(क) अनुसारको सामाजिक नक्सा तयार गराउने र फारम नं.- ४ को (ख) अनुसारको पारिवारिक विवरण तयार गर्ने ।

(घ) घरधुरी सर्भेक्षण (Household Survey) ।

आयोजना क्षेत्रका धरधुरी संख्या मध्ये १०० घरधुरी सम्म भए कम्तीमा १० घरको र सो भन्दा माथि भएका १०% घरधुरीहरुको घरधुरी सर्भेक्षण गर्नु पर्नेछ । यस प्रकारको घरधुरी सर्भेक्षण (फारम नं.- ६) बमोजिम हुनेछ । यसरी गरिएको सर्भेक्षणको टेबुलेसन फारम नं.- ७ बमाजिम बनाउनु पर्नेछ ।

(ङ) प्राविधिक सर्भेक्षण (Technical Survey) ।

आयोजनाको प्राविधिक सर्भेक्षण, उपभोक्ता समितिको सक्रिय सहयोग र संलग्नतामा जि.प्रा.का. बाट खटिएको टोलीले गर्नेछ ।

(च) सर्भेक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा तालिमको निम्ति शिक्षक, स्वास्थ्य कार्यकर्ता, कार्यकर्ताको संख्या निर्धारण र खानेपानी सुविधा र सरसफाई हुन सक्ने प्रभावकारिताको लागि आवश्यक सूचक तयार गरी सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

आयोजनाको सम्भाब्यता अध्ययन प्रतिवेदनको लागि अन्य सबै कुराहरु जिल्ला प्राविधिक कार्यालयमा उपलब्ध गराइएको नमूना प्रतिवेदन बमोजिम गर्नु पर्नेछ ।

सम्भाब्यता अध्ययन भएका आयोजनाहरुको प्राथमिकता (Priority Ranking Criteria) फारम नं.- ८ को आधारमा प्राथमिकता अङ्क निर्धारण गरी बिभिन्न आयोजनाहरुको प्राथमिकिकरण सूचि जिल्ला विकास समितिमा १-१ प्रति उठाउनु पर्नेछ ।

प्राथमिकतामा परेका आयोजनाहरुको कार्यान्वयन तथा बजेट विनियोजन हुनुभन्दा अगाडि जिल्ला परिषद बाट पारित भएका प्रस्तावित आयोजनाहरुको लागि कावश्यक पर्ने बजेट समेतको सूचि आयोजना RRRSDP कार्यालयमा पठाउनु पर्नेछ ।

## २.२ सामाजिक तयारीको चरण



DRAFT

२.२.१ ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना ग्रामीण खानेपानी तथा सरसफाई आयोजना बारे उपभोक्ताहरुलाई जानकारी छ, छैन यकिन गर्नेछ।

२.२.२ ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना ग्रामीण खानेपानी तथा सरसफाई आयोजना सिद्धान्त बमोजिम उपभोक्ताहरुले रकम संकलन गरी बैंकमा जम्मा गर्ने साथै मर्मत सम्भार कार्यकर्ता तथा स्वयं सेवकहरुको छनौट गर्न लगाउने।

२.२.३ खानेपानी उपभोक्ता तथा सरसफाई समितिका सदस्यहरुको छनौट् पुन: निश्चित गर्ने।

२.२.४ उपभोक्ताहरु संग सम्पर्क गरी उनीहरुको वचनबद्धता, सहमति लगायत अन्य सर्तहरुका सम्बन्धमा पुन: निर्णय र सहमति पक्का गर्ने।

२.२.५ खानेपानी उपभोक्ता तथा सरसफाई समितिका सदस्यहरुका लागि आवश्यकता हेरी बढीमा ६ दिनको निर्माणपूर्व तालिम आयोजना क्षेत्रका गा.वि.स. वा जि.वि.स. सञ्चालन गर्ने। तालिममा आयोजनाको व्यवस्थापन पक्ष, सदस्यहरुको काम, कर्तब्य तथा स्वास्थ्य सरसफाईका बारेमा विस्तृत जानकारी गराइन्छ।

२.२.६ उपभोक्ताहरुको उपस्थितिमा खानेपानी उपभोक्ता सरसफाई समिति तथा जि.प्रा.का. बीचमा औपचारिक सम्झौता गराउने। सोही बखतमा उपभोक्ताहरुले के, कहिले र कसरी योगदान गर्ने हुन्, सो समेत बारेको सर्तहरु उल्लेख गर्ने।

२.२.७ आयोजना क्षेत्रभित्र सञ्चालन हुने माथि उल्लेखित ६ दिन सम्मको तालिममा अन्तिम २-३ दिनमा महिला तथा युवक स्वयं सेवक समुदाय स्तरमा उपलब्ध स्वास्थ्य कार्यकर्ता, परिवार नियोजन कार्यकर्ता तथा आमा समूहका अगुवा समेतलाई सम्मिलित गराई स्वास्थ्य तथा सरसफाई बारे तालिम दिने।

२.२.८ शुद्ध पानीको प्रयोग तथा स्वास्थ्य र सरसफाई क्रियाकलापहरुको शुरुवात गर्ने।

२.३ आयोजना निर्माण चरण

२.३.१ निर्माण सामाग्री खरिद।

२.३.२ निर्माण सामाग्री ढुवानी गरि आयोजना स्थल सम्म पुर्‍याउने।

२.३.३ निर्माण कार्य प्रारम्भ, मर्मत सम्भार कार्यकर्ताले निर्माण कार्यमा संलग्न हुने।

२.३.४ निर्माण सामाग्री भण्डारण तथा निर्माण कार्यको निरीक्षण गर्न आवश्यक व्यवस्था मिलाउने।

२.३.५ उपभोक्ताहरुबाट हुने जनश्रमदानका लागि व्यवस्था मिलाउने।

२.३.६ पानीको प्रयोग तथा स्वच्छ र सरसफाई क्रियाकलापहरुलाई निरन्तरता प्रदान गर्दै लैजाने।

२.३.७ मर्मत सम्भार कार्यकर्ता, विद्यालयका शिक्षकहरु तथा खानेपानी उपभोक्ता तथा सरसफाई समिति (खा.पा.उ.स.स.) का सदस्यहरुको (दोश्रो) तालिमको व्यवस्था गर्ने।

सम्झौतामा उल्लेख भए बमोजिम आयोजनाको सम्पूर्ण विवरण पाइप लाइनको खन्ने, पुर्ने काम उपभोक्ताहरुबाट नि:शुल्क श्रमदान जुटाई गराउनु पर्नेछ। यसरी गरिने श्रमदानको मूल्याङ्कन कम्तिमा



DRAFT

आयोजनाको कूल लागतको १० देखि २० प्रतिशत नपुगेमा प्रशारण लाइन खन्ने, पुर्ने वा अन्य कुनै कामबाट १० देखि २० प्रतिशत निःशुल्क श्रमदान पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ । वितरण पाइप लाइन खन्ने काम सकेपछि मात्र धारा, वि.पी.टी. आदिको निर्माण गर्नु पर्नेछ ।

२.४ आयोजना सम्पन्न पश्चात् यसको सञ्चालन तथा मर्मत सम्भार :

२.४.१ उपभोक्ता तथा सरसफाई समितिको सदस्यहरुलाई निर्माण पश्चात् दुई दिने तालिम दिनको साथै सोही अवसरमा आयोजनाको स्वामित्व-पत्र पनि हस्तान्तरण गर्ने ।

२.४.२ खानेपानी उपभोक्ता तथा सरसफाई समितिसंग भएको सम्झौता अनुसार समितिको मातहतमा रही मर्मत सम्भार कार्यकर्ताले आफ्नो काम शुरु गर्ने ।

२.४.३ खानेपानी महशूल संकलन गर्ने ।

२.४.४ नियमित रुपमा समितिको बैठक बस्ने तथा वजेट रकमका बारे छलफल गर्ने ।

२.४.५ बर्षको १/२ पटक समितिको बैठक बसी समितिका सदस्यहरुलाई आयोजनाको आर्थिक, भौतिक तथा सञ्चालन भइरहेको आयोजनाको के-कस्तो अवस्था छ ? सो बारे जानकारी दिने तथा भविष्यमा अझ राम्ररी कसरी सञ्चालन र मर्मत सुधार गर्दै लैजान सकिन्छ, सो बारे छलफल/विचार-विमर्श गर्ने ।

२.४.६ खानेपानी उपभोक्ता तथा सरसफाई समितिले आयोजनाको अवस्था सम्बन्धित गाउँ विकास समिति र जि.प्रा.का. लाई नियमितरुपमा जानकारी गराउदै जाने ।

२.४.७ उपभोक्ता समुदाय/उपभोक्ताहरुको दैनिक जनजीवनमा पानीको प्रयोग, स्वास्थ्य शिक्षा विकास समितिलाई नियमितरुपमा जानकारी गराउँदै जाने ।

२.४.८ उपभोक्ता समुदाय/उपभोक्ताहरुको दैनिक जनजिवनमा पानीको प्रयोग, स्वास्थ्य शिक्षा तथा सरसफाई कार्यक्रम जीवनपद्धतिको रुपमा विकसित गर्दै लैजाने ।

२.४.९ योजना हस्तान्तरण पश्चात्, मर्मत सम्भार कार्यकर्ताले आफ्नो काम शुरु गरे/नगरेको, पानी महशुल संकलन भए/नभएको, उपभोक्ता समितिको नियमित बैठक भए/नभएको कुराको जानकारी गा.वि.स.र जि.प्रा.का लाई दिनु पर्नेछ । साथै यस कुराको अनुगमन जिल्ला प्रा.का. ले नियमित रुपमा गर्नु पर्नेछ ।

२.४.१० आयोजना सम्पन्न भएको १ वर्ष पछि जि.प्रा.का.बाट आयोजनाबाट उपभोक्ता समुदायको जनजीवनमा देखा परेका प्रभावहरु र फाइदाहरु बारे अध्ययन विश्लेषण गरिने छ ।

२.४.११ यस अतिरिक्त जि.प्रा.का. को सहयोगमा उपभोक्ता समितिले नियमित रुपमा आयोजना सञ्चालन अनुगमन तथा खानेपानी गुणस्तर अनुगमन जस्ता कार्यहरु गर्नेछ ।

**खानेपानी उपभोक्ता तथा सरसफाई समिति किन ?**

सञ्चालन हुन लागेको खानेपानी तथा सरसफाई आयोजनामा सबै उपभोक्ताहरुलाई सक्रियरुपले संलग्न गराई आयोजना आफ्नो हो भन्ने भावना जगाई आयोजनाको कामको बाँडफाँड मिलाउन, गुणस्तर कायम राख्न, छिटोछरितो र कम खर्चमा आयोजनाको मर्मत सम्भार र सरसफाई कार्यमा निरन्तरता दिई योजना दिगो राख्न खानेपानी उपभोक्ता तथा सरसफाई समिति चाहिन्छ ।



DRAFT

**खानेपानी उपभोक्ता तथा सरसफाई समितिमा कस्तो ब्यक्ति हुनु पर्छ ?**

१. योजना क्षेत्र भित्र स्थायी रुपले बसोवास गर्ने र उपभोक्ता मध्येको ब्यक्ति ।
२. जिविकोपार्जन गर्न गाउँ छोड्न नपर्ने ब्यक्ति ।
३. परिपक्व, सक्रिय र समितिको कामको लागि समय दिन सक्ने ।
४. उपभोक्तालाई संगठित गर्न सक्षम भएको ।
५. उपभोक्ताहरुको आधार तथा विश्वास प्राप्त भएको ।
६. आफ्नो घर, आगन सरसफाई गर्ने बानी भएको, चर्पी भएको र फोहोरमैलाको उचित तरिकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा सधैं अगुवा भई गाउँमा उदाहरणको रुपमा प्रस्तुत हुन सक्ने ।
७. तालिममा सहभागि हुन सक्ने र खानेपानी तथा सरसफाई आयोजनाको तर्जुमा, निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार, निरीक्षण, मूल्याङ्कन तथा अनुगमन जस्ता विभिन्न कार्यको लागि ब्यवस्थापन गर्न सक्षम र जिम्मेवारी वहन गर्न सक्ने ।
८. प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खानेपानी आयोजना वा अन्य ठेकेदारी काममा संलग्न नभएको र पछि पनि नहुने ।
९. समितिको काम, कर्तब्य बारे जानकारी लिन सक्ने भई र सो अनुरुप सञ्चालन, नियम पालन गर्न कबुल गरेको हुनु पर्दछ ।
१०. अरु संघ-संस्थामा पदाधिकारी नभएको वा अन्य संघ संस्थाको आधिकारिक जिम्मेवारी वहन गर्नुपर्ने नभएको ।

**गठन कसरी गर्ने ?**

१. आयोजना क्षेत्रका प्रत्येक स्किम/टोल/गाउँमा गई प्रत्येक स्किम/टोल/गाउँ बाट अधिकांश महिला वा पुरुष उपभोक्ताहरुको भेला गराई उक्त भेलामा खा.पा. उपभोक्ता तथा सरसफाई समिति भनेको के हो ? यसमा कस्तो ब्यक्ति हुनुपर्छ ? यसको काम, कर्तब्य, जिम्मेवारी र अधिकार के हो भन्ने बारे स्पष्ट जानकारी गराउनु पर्दछ ।
२. समितिमा महिला वा पुरुष सदस्यहरु छान्दा सबै आयोजना क्षेत्र स्किम र समुदायबाट अधिकांश उपभोक्ता समुदायले चुनिएको, रोजेको र चाहेको ब्यक्ति हुनुपर्छ ।
३. समिति सदस्यहरु अरुको करकापले नभई, आफू पनि काम गर्न/गराउन, जिम्मा लिन र अगुवाई गर्न इच्छुक भएको हुनुपर्छ ।
४. समिति गठन गर्दा आयोजनाको आकार (Size) हेरेर सानो आयोजना छ भने ३ देखि ५ जना सम्मको र ठूलो छ भने ९ देखि ११ जना सम्मको हुनु पर्दछ । नजिक १ देखि २ घण्टाको दुरिमा पर्ने सानासाना स्किमहरु भएमा २-३ वटालाई मिलाएर एउटै समिति गठन गर्न सकिन्छ ।
५. समितिमा कम्तिमा ३३%, सम्भव भए बढी सक्षम र सवल महिला सदस्य हुनु पर्दछ ।

**खानेपानी उपभोक्ता तथा सरसफाई समितिको जिम्मेवारी तथा काम, कर्तब्य र भूमिका :**

(क) निर्माणपूर्व (प्रारम्भिक अवस्था) :

१. विस्तृत सम्भाब्यता अध्ययन, सामाजिक, आर्थिक, स्वास्थ्य सरसफाई र प्राविधिक पक्षमा जि.प्रा.का. बाट खटिई आइका प्राविधिक कर्मचारीलाई सहयोग गर्ने ।
२. मर्मत सम्भार कोष संकलन गरि बैंक दाखिला गर्ने (लागतको १%)

३. उपभोक्ता समूहको भेला गराई सो भेलाबाट मर्मतसम्भार कार्यकर्ता छनौट् गर्ने, पारिश्रमिकको व्यवस्था गर्ने र पानी महशुल निर्धारण गर्ने ।

४. जि.प्रा.का.संग सम्झौता गर्ने र ती सम्झौताका सर्तहरु पालन गर्ने/गराउने ।

५. जि.प्रा.का.बाट सञ्चालन गरिने उपभोक्ता समितिको तालिममा सक्रिय रुपले भाग लिने ।

६. स्वास्थ्य तथा सरसफाई कार्यक्रमको थालनी गर्ने ।

७. आयोजनाबारे विस्तृत जानकारी हासिल गर्ने र कार्यान्वयन तथा समन्वयनका नीति नियमहरुबारे जि.प्रा.का.बाट प्रष्ट हुने (तालिम अवधिमा) ।

८. आयोजना सञ्चालन बिधि, प्रगति र समस्या बारे उपभोक्ताहरुको समुदायलाई बराबर जानकारी दिने ।

९. आयोजनाको निष्पक्ष ढंगबाट कार्यान्वयन गर्न सकेसम्म बढी उपभोक्ताहरुको राय सल्लाह लिएर निर्णयहरु गर्ने ।

(ख) निर्माण अवस्था :

१. आयोजनाको निर्माण समितिबाट गरिने हो भने-

- कार्ययोजना तयार पार्ने ।
- पूँजी, श्रम, सीप र सामाग्रीको व्यवस्था गर्ने ।
- जनसहभागिता जुटाउने ।
- निर्माण कार्य सञ्चालन गर्ने ।
- सबै कामको अभिलेख तथा श्रेस्ता राख्ने ।

२. आयोजनाको निर्माण कार्यमा सुपरिवेक्षण, अनुगमन गर्ने ।

३. यदि आयोजनाको निर्माण कार्य समितिबाट नभई ठेकेदारबाट भएको खण्डमा पनि समितिले शुरुदेखि अन्त्य सम्म आयोजनाको सम्पूर्ण कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्दछ । यसो गर्दा आयोजनाको गुणस्तर कायम राख्न सहयोग पुग्ने छ साथै समितिबाट नि:शुल्क गर्नुपर्ने कामहरु आवश्यक समयमा सम्पन्न गरिनु पर्नेछ ।

४. उपभोक्ता समितिका सम्पूर्ण सदस्यहरुले आ-आफ्नो घरमा चर्पीको निर्माण गरी स्वयं सेवक/सेविकाहरुसंग गाउँको प्रत्येक घर-घरमा गई चर्पी बनाउँनको लागि उत्प्रेरणा जगाउने र आवश्यक परेमा प्राविधिक सल्लाह पनि दिने । सो कार्यको लागि जि.प्रा.का.बाट खटिई आएका कर्मचारी र प्राविधिक कर्मचारी लाई पनि परिचालन गराई सहयोग लिन सकिनेछ ।

५. कुनै विवादहरु आएमा सम्बन्धित उपभोक्ताहरु बीच छलफल गराई न्यायपूर्ण समाधान गराउने ।

(ग) निर्माण पछिको अवस्था :

१. आयोजना कार्यान्वयन गर्दा जुटाइएको पूँजी, श्रम र सामाग्रीहरु ठीकसंग प्रयोग भएको हो वा होइन र बाँकी हुनुपर्ने ठीक छन् वा छैन हेरी ठीक भएमा उपभोक्ताहरुबाट अनुमोदन (Concurrence) गरी जि.प्रा.का.मा समितिका ३ जना पदाधिकारी गई आयोजनाको खर्च फरफारक गर्ने ।

२. जि.प्रा.का.बाट स्वामित्व-पत्र प्रदान गर्ने दिनमा खानेपानी उपभोक्ता तथा सरसफाई समितिको सम्पूर्ण सदस्य, गा.वि.स.का प्रतिनिधि र गाउँका प्रतिष्ठित गन्य-मान्य ब्यक्तिको उपस्थिती/भेला गराउने र एक दिने परिचयात्मक भेला गराई सो समारोहमा आयोजनाको स्वामित्व पत्र लिने ।

DRAFT

३. मर्मत सम्भार कार्य निरन्तर सञ्चालन गर्ने :
- मर्मत सम्भार कार्यकर्तालाई समयमा नै पारिश्रमिकको व्यवस्था गर्ने ।
- प्रत्येक घरधूरीबाट पानी महशूल उठाउने ।
- मर्मत सम्भार गर्दा बाँकी/जगेडा रहेका सामानको उचित रेखदेखको व्यवस्था गर्ने ।
- मर्मत सम्भार कार्यको लागि जि.प्रा.का. बाट दिइएको औजार बाकसको मर्मत सम्भार कार्यकर्तालाई जिम्मा दिने ।

मर्मत सम्भार आफ्नो श्रोत र साधनबाट गर्ने र धेरै ठूलो मर्मत गर्न परेमा गा.वि.स. अथवा जि.खा.पा.संग सहयोग माग्ने ।

४. स्वयं सेवक र सेविकाहरुको परिचालन र उनीहरुलाई आवश्यक सहयोग दिई स्वास्थ्य तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिने ।
५. प्रत्येक महिनाको एक पल्ट समितिको बैठक बस्ने ।
६. प्रत्येक ६ महिनामा १ पल्ट उपभोक्ताहरुको भेलामा आयोजनाको आय-व्ययबारे जानकारी गराउने ।
७. आयोजनाको अवस्था, स्थितिबारे सम्बन्धित गा.वि.स., जि.वि.स. र जि.प्रा.का. लाई समय-समयमा कम्तिमा वर्षको २ पल्ट लिखित जानकारी दिने ।

**अधिकार :**

समितिले आयोजनाको स्वामित्व-पत्र बुझिलिइसकेपछि आयोजनाप्रति निम्न अधिकार रहनेछ ।

१. मर्मत संभार कोषबाट प्राप्त हुने ब्याजलाई उक्त आयोजनालाई फाइदा हुने काममा लगाउन सकिनेछ ।
२. जि.प्रा.का. को स्वीकृति लिई मात्र थप धारा दिन सकिनेछ । पानीको श्रोत र प्राविधिक दृष्टिकोणबाट उपयुक्त भएमा मात्र जि.प्रा.का. ले स्वीकृति दिनेछ । यसरी थप गरिएको धारा निर्माणमा लाग्ने खर्च उपभोक्ताहरुले नै ब्यहोर्नु पर्नेछ । आफूखुशी धारा थप गरेमा पछि आवश्यक परेको बखत जि.प्रा.का. ले आयोजनालाई मर्मत संभारमा सहयोग नपुऱ्याउन सक्छ ।
३. उपभोक्ता समितिले आयोजनालाई दिगो र दरिलोसित संचालन गर्न आवश्यक पर्ने नियमहरु जस्तै धारा शुल्क निर्धारण गर्ने, शुल्क नतिरेको धारामा पानी बन्द गर्ने, प्राविधिक दृष्टिकोणले टंकी, वि.पि.टी., पाइप, धारा आदि बिगारेमा वा भत्काएमा सजाय तथा जरिवानाको व्यवस्था गर्ने कुनै पनि विवादलाई सामाधान गर्ने, आदि विषयहरुमा आवश्यक नियम, विनियमहरु बनाउन सक्नेछ ।
४. समितिको सदस्यहरु वा पदाधिकारीहरु पटक पटक विनाकारण बैठकमा अनुपस्थित रहने, समितिको क्रियाकलापमा निस्क्रिय रहने, समितिको मर्यादा विपरित आयोजनालाई हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप गरेमा समितिको बैठकबाट त्यस्ता सदस्यहरुलाई निष्कासन गरी सम्बन्धित क्षेत्रका उपभोक्ताहरु भेला गराई नयाँ सकृय सदस्य राख्न सकिने छ ।

DRAFT

# स्वयंसेवक र सेविकाको आवश्यकता र छनौट प्रक्रिया

## १. किन चाहियो ?

युवा स्वयंसेवक र सेविका स्थानीय हुनुका साथै जो ग्रामीण विकास तथा सरसफाई आवश्यकताको बारे जागरुक, सचेत र आफ्नो गाँउ तथा समुदायमा केही गरुँ र फुर्सतको समयमा जानेको कुरा अरुलाई सिकाउँ भन्ने भावना भएकाहरुले आफ्नो गाउँको उपभोक्ताहरुलाई सरसफाईका कुराहरु राम्ररी बुझाउन र परिचालन गरेमा खानेपानीबाट स्वास्थ्यमा सुधार ल्याई जीवनस्तरमा समेत सुधार ल्याउने उद्देश्य साकार हुने सम्भावना बढ्नेछ । त्यसैले स्वयंसेवक र सेविकाको आवश्यकता महशुस गरिएको हो ।

## २. कस्तो व्यक्ति युवा स्वयंसेवक-सेविका हुनु पर्छ ?

- आयोजना क्षेत्रका स्थानीय बासिन्दा हुनुपर्छ ।
- इमान्दारीपूर्वक काम गर्ने इच्छा भएको र घरकाजबाट फुर्सद निकाल्न सक्ने ।
- जिबिकोपार्जन गर्न गाउँबाट टाढा जानु नपर्ने ।
- गाउँमै परिआउँदा मद्दत गर्ने खालको/गर्ने बानी भएको र समाज सेवाको भावना भएको हुनुपर्छ ।
- अरु संघ-संस्थामा पदाधिकारी नभएको ।

## ३. छनौट् कसरी गर्ने ?

- आयोजना क्षेत्रका सम्पूर्ण महिला र पुरुष समुदायको भेला गराउने ।
- त्यस भेलमा स्वयंसेवक /सेविकाको आवश्यकता, काम कर्तव्य र जिम्मेवारी आदि बारेमा जानकारी दिने ।
- त्यस भेलाबाटै १०० वा सो भन्दा कम घर भएको स्किम/सव-प्रोजेक्ट बाट (१युवक र १महिला) स्वयं सेवक/सेविकाको छनौट् गर्ने । १०० भन्दा बढी भएमा सोहि अनुपातमा स्वयं सेवकहरुको संख्या बढाउदै लैजाने । तर च्च्क्मए अनुसार खानेपानी योजना अन्तर्गत १०० जना सम्म मात्र लाभाग्रही हुन सक्दछ ।

## ४. जिम्मेवारी के के हुन ?

आफ्नो कार्य क्षेत्र भित्रका उपभोक्ता समुदायलाई निम्न कुराहरुबारे सहयोग र सल्लाह दिनु पर्छ ।

- ❖ पानीको उचित संरक्षण किन र कसरी गर्ने, खेर गएको पानीको सदुपयोग कसरी गर्ने भन्ने बारेमा ।
- ❖ पानीको श्रोत/धारा सफा राख्न र स्वस्थ पानीको प्रयोग गर्ने बारेमा ।
- ❖ सरसफाई सम्बन्धी जस्तै घर भित्र बाहिरको सरसफाई, चर्पीको प्रयोग व्यक्तिगत सरसफाई आदि निरीक्षण गर्ने र त्यस सम्बन्धी आवश्यक सहयोग र सल्लाह दिने ।

DRAFT

# स्वयंसेवक/सेविकाको काम, कर्तव्य र जिम्मेवारी

१. आफू र आफ्नो परिवारका सदस्यहरु, छिमेकीहरु, साथीहरु, गाउँका बासिन्दा, युवा, अधवैशे, बुढाबुढी तथा केटाकेटीहरुमा पानी, सरसफाई र स्वास्थ्य संग सम्वन्धित अस्वस्थकर, फोहर, हानिकारक आनीवानीमा परिवर्तन/सुधार ल्याई उनीहरुको जीवन र गाउँको वातावरणलाई स्वस्थकर, लाभप्रद र सुखमय बनाउन प्रयास गर्नु ।

२. **काम गर्ने तरीका**

क. सवभन्दा पहिले आफू र आफ्नो परिवारको सदस्यहरुको आनी बानीमा सुधार गर्ने:

व्यक्तिगत सरसफाई : हात, खुट्टा, जीउ, कपाल, नङ्ग, लुगाको सरसफाई

- चर्पीको प्रयोग र सफाई
- फोहर फाल्ने खाल्डो, जुठ्यानको उचित प्रयोग
- घर, आँगन, गोठको सफाई
- भान्छाकोठा, पानी राख्ने ठाउँ, भाँडा, खाने/सार्ने भाँडाहरुको उचित सफाई र स्याहार

ख. छिमेकी, साथी र अरु वरपरकाहरुलाई समेत बानी सुधार्न उत्प्रेरणा दिने । सानो सानो समूहमा वा एक्लै एक्लै पनि उनीहरुको फुर्सतको समय र पायक पर्ने ठाउमा बराबर भेटी सफा पानी र सफा बानी संग केटाकेटी, ठूला, स्याना, बुढाबुढीको स्वस्थको अन्तर सम्बन्ध बारे बताई, बुझाई :

- व्यक्तिगत सरसफाई
- घरआगनको सफाई
- भान्छाकोठाको सफाई
- पानीको उचित प्रयोग र संरक्षण
- चर्पीको निर्माण, प्रयोग र सफाई
- जुठ्यान, फोहोर फाल्ने खाल्डोको प्रयोग गर्न, गराउन उत्प्रेरणा गर्ने ।

ग. आफ्नो गाउँमा कार्यरत ग्रामीण स्वास्थ्य स्वयम् सेविका, परिवार नियोजन कार्यकर्ता संग मिलेर आपसी सहयोगमा उपरोक्त कार्यक्रम चलाउने ।

घ. आफूले गरेको काम बारे खा.पा.उ.स.स.लाई बराबर जानकारी दिने ।

DRAFT

## मर्मत सम्भार कार्यकर्ताको आवश्यकता र छनौट्

कुनै पनि आयोजना निर्माण सम्पन्न गर्नु मात्रै त्यसको अन्तिम लक्ष्य होइन । निर्माण पछि पनि त्यसले नियमित रुपमा सेवाहरु प्रदान गरिरहनु पर्दछ । कुनै पनि निर्माण सम्पन्न आयोजनाबाट नियमित सेवा पाउनका लागि त्यसको नियमित रेखदेख तथा बिग्रे भत्केको भागको मर्मत र स्वास्थ्य र सरसफाई बारे जनचेतना जगाउनको लागि उपभोक्ता समुदायले छनौट् गरेर उक्त कार्यका लागि जिम्मा दिइएको व्यक्ति नै मर्मत सम्भार कार्यकर्ता हो ।

१. किन चाहियो ?

- खानेपानी तथा सरसफाई आयोजनालाई दिगो र दरिलो बनाउन ।
- प्रत्येक धारामा नियमित रुपले पानी सञ्चालन तथा निरन्तरता दिन ।
- नियमित रुपमा श्रोत तथा खानेपानीको बिभिन्न अंगहरुको रेखदेख र सफाई गर्न ।
- खानेपानी तथा सरसफाई आयोजनामा आवश्यक पर्ने मर्मत सम्भार गर्न/गराउन ।

२. कस्तो ब्यक्ति मर्मत सम्भार कार्यकर्ता हुनुपर्छ ?

- स्थानीय वासिन्दा (आयोजना क्षेत्र भित्रको) हुनुपर्दछ ।
- परिपक्व सकेसम्म ३० वर्ष नाघेको, स्वस्थ उकालो/ओरालो हिड्न सक्ने हुनुपर्दछ ।
- मिस्त्री, कामी वा मिल्दो-जुल्दो कामको अनुभव भएको ब्यक्तिलाई प्रथमिकता दिने ।
- इमान्दारीपूर्वक तथा स्वेच्छाले यी पदमा काम गर्ने इच्छा भएको हुनुपर्दछ ।
- घरेलु कामबाट समय निकाल्न सक्ने हुनुपर्दछ ।
- उपभोक्ताहरुको समस्या बुझ्ने, अनुरोध, निर्देशन मान्ने र पालना गर्ने हुनुपर्दछ ।

३. कसरी छनौट गर्ने ?

- आयोजना क्षेत्रका अधिकांश उपभोक्ताहरु महिला र पुरुष समुदायको भेला गराउने ।
- सो भेलामा मर्मत सम्भार कार्यकर्ताको आवश्यकता तथा काम कर्तब्य र जिम्मेवारी आदि बारे जानकारी गराउने ।
- सो भेलाबाटै आयोजनाको आकार हेरेर एक वा दुइ जना मर्मत सम्भार कार्यकर्ता छान्नु पर्छ ।

४. जिम्मेवारी के-के हुन् ?

- निर्धारित तालिका अनुसार खानेपानी खोल्ने, बन्द गर्ने र आयोजनाको (मूलदेखि धारासम्मका संरचनाहरु) को आवश्यकता अनुसार सरसफाई गर्ने ।
- आयोजनाको आवश्यक मर्मत सम्भार गर्ने ।
- आयोजनाको अवस्थाबारे समितिलाई नियमित रुपमा जानकारी दिने ।
- आफूले मर्मत गर्न नसकिने भएमा जि.प्रा.का.बाट सहयोग लिनको लागि उपभोक्ता समितिलाई जानकारी दिने ।
- मर्मत तथा सम्भार गर्न जनश्रमको आवश्यकता परेमा उपभोक्ता समितिलाई सहयोग जुटाई दिन अनुरोध गर्ने ।
- आयोजनाको मर्मत सम्भार गर्नको लागि दिइएको औजार र जगेडा सामाग्रीहरुको सुरक्षा तथा उचित प्रयोग गर्ने ।
- आफ्नो घरमा चर्पी बनाई प्रयोग गर्ने तथा उपभोक्ताहरुलाई चर्पी बनाउनमा प्रोत्साहन गर्ने र आवश्यक परेकालाई प्रविधिक सहयोग र सल्लाह दिने ।
- धाराको टुटी बिग्रेमा तुरुन्तै सम्बन्धित उपभोक्ताहरुलाई जानकारी दिई फेर्ने बन्दोवस्त गर्ने ।

DRAFT

# सामुदायिक शिक्षा तथा जनचेतना कार्यक्रम

यस कार्यक्रमले निम्न ३ वटा पक्षहरुलाई अँगालेको छ ।

- ❖ सामाजिक तयारी
- ❖ प्राविधिक तालिम
- ❖ पानीको उचित प्रयोग, स्वास्थ्य शिक्षा तथा सरसफाई

१. सामाजिक तयारी :

सामाजिक तयारीको उद्देश्य समुदायलाई आयोजना प्रति आफ्नोपनको भावना जागृत गराउने तथा समुदायमा उपभोक्ताहरुको काम गर्ने दक्षताको विकास गराउनु हो । साथै समुदायमा विभिन्न तरीका तथा माधयमद्वारा सचेत, शिक्षित, ज्ञान तथा सीपको विकास गरी सशक्त बनाई आफ्नो अधिकार प्रयोग गर्न र कार्यक्रम प्रति बचन बद्धता बढाउनु हो । यस अन्तर्गत उपभोक्ताहरुलाई घच्घच्याउने, उत्प्रेरणा गर्ने र सचेत गराई आयोजनाको प्रारम्भिक अवस्था देखि अर्थात् आवेदन, अध्ययन, विश्लेषण, कार्यान्वयन र मर्मत सम्भार कार्यमा सहभागी गराई आयोजनाबाट उपलब्ध फाइदा र सदुपयोगमा समेत उपभोक्ताहरुको सक्रिय सहभागिता गराउनु रहेको छ ।

२. प्राविधिक तालिम :

यस अन्तर्गत २ प्रकारका तालिम उपलब्ध गराइन्छ ।

(क)➔ व्यवस्थापन पक्ष : यस अन्तर्गत आयोजनाको तर्जुमा प्रक्रिया, लेखा सम्बन्धी अभिलेख राख्ने, सामान्य किसिमको व्यवस्थापकीय कार्य, अनुगमन र खानेपानी उपभोक्ता तथा सरसफाई समितिका सदस्यहरु, स्वयं सेवकहरु र शिक्षक वर्गलाई पानीको उचित प्रयोग र सरसफाई सम्बन्धी जानकारी गराउने ।

(ख)➔ प्राविधिक पक्ष : मर्मत सम्भार कार्यकर्ताहरुलाई सैद्धान्तिक र व्यवहारिक तालिमको माध्यमबाट खानेपानी तथा सरसफाई सम्बन्धमा जानकारी उपलब्ध गराउने । यी दुवै पक्षको तालिमको उद्देश्य खानेपानी उपभोक्ता तथा सरसफाई समिति र मर्मत सम्भार कार्यकर्ताहरुलाई सशक्त र सक्षम बनाउनु हो, जसबाट उनीहरु आयोजनालाई राम्ररी सञ्चालन, मर्मत सम्भार र उचित रेखदेख गर्न सकुन् ।

३. पानीको उचित प्रयोग, स्वास्थ्य शिक्षा तथा सरसफाई :

यसको उद्देश्य उपभोक्ताहरु/समुदायका सदस्यहरुका बीचमा स्वास्थ्य तथा स्वच्छ खानेपानीको अन्तक्रिया/सम्बन्ध, उचित प्रयोग, स्वास्थ्य उपभोक्ता समुदायलाई सरसफाई सम्बन्धी व्यवहार तथा चलनमा आवश्यक सुधारहरु सुरक्षित चर्पीको प्रयोगबाट हुने फाइदाबारे जानकारी गराउनु हो । यसको लागि दक्ष महिला तथा युवक स्वयं सेवक कार्यकर्ताद्वारा उपभोक्ता समुदायलाई निम्न बिषयबारे तालिम भेटघाट, सरसल्लाहको माध्यमबाट जानकारी प्रदान गर्ने ।

**जनचेतना कार्यक्रम - स्वच्छ पानी र सरसफाईको अन्तर्क्रिया/अन्तरसम्बन्ध :**

- ❖ घरमा तथा धारामा उचित पानीको प्रबन्ध र प्रयोग
- ❖ फोहोर पानीको प्रयोगबाट हुने रोगहरु
- ❖ स्वच्छ पानीको प्रयोग र यसबाट हुने आर्थिक लाभ
- ❖ स्वास्थ्य तथा सरसफाई सम्बन्धि आनिबानीमा आवश्यक सुधार
- ❖ प्रत्येक उपभोक्ता द्वारा चर्पी निर्माण र त्यसको उचित प्रयोग, आदि ।



DRAFT

फाराम नं.-१

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना अन्तर्गत खानेपानी तथा सरसफाई आयोजना खानेपानी (पाईप प्रणाली) तथा सरसफाई कार्यक्रमको निमित्त निवेदन फारम

श्रीमान अध्यक्ष ज्यू, मिति :
.....................गा.वि.स.
.......................जिल्ला

हामी ...................................जिल्ला...............................गा.वि.स. वडा नं.-........... अन्तर्गत पर्ने .............................. गाउँ/टोलमा ..................... घरधुरीका ....................जासंख्याले हाल प्रयोग गरि आएको खानेपानीका श्रोतहरु (कुवा, मूल, खोला, नहर) प्रयोग गरि खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गर्न हामी उपभोक्ताहरु बीच आवश्यक छलफल भई सहमति भएका छौं । सो कार्यक्रम सञ्चालनको निमित्त अनुरोध गर्दछौं । उक्त आयोजना सञ्चालन हुने भएमा नेपाल सरकारको नीति अनुसार आवश्यक पर्ने नि:शुल्क श्रमदान तथा आयोजना सम्पन्न भइसकेपछि सो को रेखदेख र आवश्यक मर्मत सम्भार व्यवस्था गर्न हामी तयार छौं । यस आयोजना संग सम्बन्धित आवश्यक विवरणहरु निम्नानुसार छन् :

१. हाल प्रयोग भई आएको पानीका मुख्य श्रोतहरु :

| श्रोतको नाम | किसिम | प्रयोग गर्ने गाउँ/वडा | प्रमुख (चिन्हो लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | कति टाढा पर्ने | दुषित पानी | अपर्याप्त |
| | | | | | |
| | | | | | |

२. समुदायमा देखिएका पानीसंग सम्बन्धित प्रमुख रोगहरु : (चिन्हो लगाउने)
क) झाडापखाला ख) म्यादेज्वरो
ग) कमलपित्त घ) लुतो
ङ) आँउ च) जुका
छ) अन्य (खुलाउने) :

एशियाली विकाश बैंकको ऋण सहयोगमा संचालन हुन गइरहेको ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना अन्तर्गत खानेपानी तथा सरसफाई आयोजनाको लागि अवश्यक सामाजिक, आर्थिक एवं प्राविधिक सम्भाव्यता अध्ययन एवं विस्तृत अध्ययन समेत पूरा भई आ.व. ............ मा निर्माण कार्य शुरु गर्ने गरी कार्यक्रममा समावेश भइसकेका निम्न आयोजनाहरुको Appraisal Report तयार गर्नका लागि आवश्यक तपसिल बमोजिमका विवरणहरु संलग्न गरी पठाइएको छ ।

१. आयोजनाहरुको विवरण

| क्र.सं. | आयोजनाको नाम | गा.वि.स. | कूल स्किम संख्या |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

२. सबै आयोजनाहरुमा उपभोक्ताहरुले खानेपानीको आवश्यकता र कठिनाई महसुस गरेका छन् ।

३. प्रत्येक आयोजनाको लागि RRRSDP ले तोकेको गठन प्रकृयाद्वारा ग्रामीण पूर्वाधार खानेपानी उपभोक्ता समूह (Village Infrastructure Users Groups, VIUG) गठन भै सकेको छ । सो को विवरण अनुसूची १ (क) मा उल्लेख छ ।

४. सबै खानेपानी उपभोक्ता तथ सरसफाई समितिहरु जिल्ला जलश्रोत समितिमा विधिवत दर्ता भइसकेका छन्/हुने प्रक्रियामा छन् ।

५. सबै आयोजनाहरुमा मर्मत संभार कार्यकर्ता, सरसफाई स्वयंसेवक र उत्प्रेरकहरुको छनौट अनुसूची १ (क) मा उल्लेख भए बमोजिम भइसकेको छ ।

६. प्रत्येक आयोजनाहरुमा मर्मत संभार कोष बापत लागतको १% का दरले उठाउनु पर्ने रकम सम्वन्धित उपभोक्ता समितिको खातामा जम्मा भइसकेको छ । यसका साथै आयोजनाको नीति अनुरुप आवश्यक पर्ने निःशुल्क जनसहभागिता जुटाउन उपभोक्ताहरुले मञ्जुर गरेका छन् । सो को विस्तृत विवरण अनुसूची १ (ख) मा उल्लेख गरिएको छ ।

७. आयोजना सम्पन्न भएपछि यसको रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी लिन र यसको लागि आवश्यक पर्ने पानीपोतको रकम मासिक रुपले उठाउन ग्रा.पू.उ.स. तथा उपभोक्ताहरुको मंजुर गरिसकको छन् ।

८. खानेपानी तथा सरसफाई आयोजनाको संरचनाहरु निर्माण गर्न आवश्यक पर्ने जमिन निःशुल्क रुपमा उपलब्ध गराउन उपभोक्ताहरुले कबुल गरेका छन् र उक्त जग्गाहरुमा कुनै प्रकारको विवाद नरहेको कुरा लिखित रुपमा समाधान भइकसेको छ ।

DRAFT

९. प्रस्तावित खानेपानी आयोजनाका श्रोतहरुमा कुनै प्रकारको वादविवाद छैन ।

१०. सबै खानेपानी स्थलगत लेखाजोखा (Appraisal) उपभोक्ता समिति/उपभोक्ताहरुसंग आयोजनाका सामाजिक एवं प्राविधिक पक्षहरु माथि छलफल एवं निःशुल्क जनश्रमदानवारे यकिन गरी ग्रा.पू.उ.स.र जि.प्रा.का. अन्तर्गत जिल्ला योजना कार्यालय बीच संभ्रौताहरु सम्पन्न भएका छन् । सो सम्झौताका प्रतिलिपिहरु यसै साथ समावेश गरिएका छन् ।

## अनुसूची -१

(क) उपभोक्ता समितिको विवरण

आयोजनाको नाम :

| क्र.सं. | पद/नाम | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | | |
| २ | उपाध्यक्ष | | | | | |
| ३ | सचिव | | | | | |
| ४ | कोषाध्यक्ष | | | | | |
| ५ | सदस्य | | | | | |
| ६ | सदस्य | | | | | |
| ७ | सदस्य | | | | | |
| ८ | महिला सदस्य | | | | | |
| ९ | महिला सदस्य | | | | | |
| १० | महिला सदस्य | | | | | |
| ११ | महिला सदस्य | | | | | |

| क्र.सं. | पद/नाम | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ |
|---|---|---|---|---|---|---|
| १ | मर्मत संभार कार्यकर्ता | | | | | |
| २ | मर्मत संभार कार्यकर्ता | | | | | |
| ३ | सरफाई कार्यकर्ता : युवा/महिला स्वयंसेवक/उत्प्रेरक | | | | | |

आयोजनाको नाम :

| क्र.स. | पद/नाम | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | | |
| २ | उपाध्यक्ष | | | | | |
| ३ | सचिव | | | | | |

DRAFT

| क्र.स. | पद/नाम | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ |
|---|---|---|---|---|---|---|
| ४ | कोषाध्यक्ष | | | | | |
| ५ | सदस्य | | | | | |
| ६ | सदस्य : | | | | | |
| ७ | सदस्य : | | | | | |
| ८ | महिला सदस्य : | | | | | |
| ९ | महिला सदस्य : | | | | | |
| १० | महिला सदस्य : | | | | | |
| ११ | महिला सदस्य : | | | | | |

| क्र.स. | पद/नाम | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ |
|---|---|---|---|---|---|---|
| १ | मर्मत सम्भार कार्यकर्ता : | | | | | |
| २ | मर्मत सम्भार कार्यकर्ता : | | | | | |
| ३ | सरफाई कार्यकर्ता : युवा/महिला स्वयंसेवक/उत्प्रेरक | | | | | |

अनुसूची-१

(ख) मर्मत संभार कोष एवं नि:शुल्क जनश्रमदान

आयोजनाको नाम :

| क्र.स. | आयोजना नं. विवरण | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ |
|---|---|---|---|---|---|---|
| १ | आयोजनाको नाम | | | | | |
| २ | कुल धारा संख्या | | | | | |
| ३ | जम्मा उठेको रकम | | | | | |
| ४ | आयोजनाको कुल लागत | | | | | |
| ५ | नि:शुल्क जनश्रमदान | | | | | |
| ६ | (क) वितरण प्रणाली | | | | | |
| ७ | (ख) प्रसारण प्रणाली | | | | | |
| ८ | (ग) अन्य ………………… | | | | | |
| ९ | जम्मा जनश्रमदान (रु.) | | | | | |
| १० | कुल लागतको प्रतिशत | | | | | |



DRAFT

उप- आयोजनाको नाम :

| क्र.स. | आयोजना नं.<br>विवरण | आयोजना<br>१ | आयोजना<br>२ | आयोजना<br>३ | आयोजना<br>४ | आयोजना<br>५ |
|---|---|---|---|---|---|---|
| १ | आयोजनाको नाम | | | | | |
| २ | कुल धारा संख्या | | | | | |
| ३ | जम्मा उठेको रकम | | | | | |
| ४ | आयोजनाको कुल लागत | | | | | |
| ५ | नि:शुल्क जनश्रमदान | | | | | |
| ६ | (क) वितरण प्रणाली | | | | | |
| ७ | (ख) प्रसारण प्रणाली | | | | | |
| ८ | (ग) अन्य ………………… | | | | | |
| ९ | जम्मा जनश्रमदान (रु.) | | | | | |
| १० | कुल लागतको प्रतिशत | | | | | |

नोट : दुइ भन्दा वढी आयोजनाहरु भएमा थप फाराम प्रयोग गर्ने ।

स्थलगत लेखाजोखा गर्ने व्यक्तिको इन्जिनियर

नाम :

हस्ताक्षर :

मिति :

प्रमाणित गर्ने :

नाम :

पद :

हस्ताक्षर :

मिति :

जिल्ला :

DRAFT

# ग्रामीण खानेपानी तथा सरसफाई आयोजना निमार्ण कार्यमा प्रयोग हुने सामाग्रीहरु बारे सामान्य जानकारी

**मुहान र इन्टेक :**

पानीको श्रोत अनुसार मूल, खोला, नदी, झरणा आदि ठाउँहरुमा मूहान (इन्टेक) बनाइन्छ । मुहान जहिले पनि प्राविधिक सल्लाह अनुसार मात्र बनाउनु पर्छ । खास गरी पानीको श्रोत कुनै प्राकृतिक मूल रहेछ भने मुहान बनाउदा मूलमै कहिले पनि निर्माण गर्न हुदैन । यसो गरेमा मूलबाट बग्ने पानी निर्माण गरिएको स्ट्रक्चर भन्दा मुनीबाट वा अन्य बाटो भएर बग्ने सक्ने संभावना हुन्छ । त्यस कारण जहिले पनि मूल भन्दा तल तिर उचित ठाउँ हेरी प्राविधिक सल्लाह अनुसार मुहान बनाउनु पर्छ । मुहानको हेरचार र नियमित संभार गरी यसलाई स्वच्छ र प्रदुषण रहित राख्नु सबै उपभोक्ता बर्गको नैतिक दायित्व हो ।

**पाइप जडान कार्य :**

नक्सा अनुसार देखाइएको बाटोमा नै पाइप जडान कार्य गर्नु पर्छ । यसको लागि कम्तीमा ३ फीट गहिरो खाडल खन्नु पर्छ र सही तरीकाले जोडेको पाइप खाडलमा मिलएर राख्नु पर्छ , त्यसपछि माटो हाली राम्ररी पुर्नु पर्छ । प्राविधिक सल्लाह अनुसार गर्नु पर्छ । पहिरो जाने ठाउँहरुमा पाइप राख्नु हुँदैन । पाइप जडान गर्दा निम्न कुराहरुमा विशेष ध्यान पुऱ्याउनु पर्छ ।

- ❖ आयोजनाको लागि उपभोक्ता वर्गले छनौट् गरेको मर्मत संभार कार्यकर्ता (मिस्त्री) लाई अनिवार्य रुपले पाइप जडान कार्यमा संलग्न गराउनु पर्छ । यसो गर्दा उसले सीप सिक्नुको साथै कुन ठाउँमा के कस्तो पाइप फिटिंग्स जडान भएको छ भन्ने जानकारी प्राप्त गरी संचालन मर्मत कार्य गर्न सजिलो हुन्छ ।
- ❖ पोलेथिन पाइप जडान गर्दा यसको लागि चाहिने आवश्यक सामानहरु जस्तै ब्लोलैम्प, स्टोभ, हिटिंग प्लेट, तावा टेफलनपेपर, थर्मोक्रम चक, हाफ राउण्ड फाइल, चक्कु, सफा कपडा आदिको व्यवस्था पाइप जोडनु अगावै गर्नु पर्छ । प्राविधिक सल्लाह अनुसार मात्र पाइप जोड्ने कार्य गर्नु पर्छ ।
- ❖ पाइप जोडनको लागि उपयुक्त तापक्रम पुगेको वा नपुगेको कुरा थर्मोक्रम चकबाट थाहा पाउन सकिन्छ भने टेफलन पेपरले पोलिथिन पाइपलाई तावामा टासिनबाट बचाउछ । पाइपको घाट मिलाई जोडने भाग कपडाले सफा गरी मात्र पाइप जोडने काम गर्नु पर्छ । पाइप जोडि सके पछि जोडमा बल प्रयोग गरी जाच्नु पर्छ । जोड पक्का भएमा मात्र पाइपलाई पुर्नको लागि खाडलमा राख्नु पर्छ । अन्यथा पछि फुट्ने डर हुन्छ ।
- ❖ ९० मि.मि. भन्दा ठूलो साइजको पाइप जोडनको लागि धेरै बलको आवश्यकता पर्ने भएकोले ज्याक मेशिनको प्रयोग गर्नु पर्छ । ज्याक मेशिन आवश्यकता भएमा कार्यालयले उपलब्ध गराउँछ ।

**ब्रेक प्रेसर ट्यांक (बि.पि.टि) :**

प्राविधिक डिजाइन अनुसार पानीको प्रेसर न्यून बनाई पाइप फुट्नबाट बचाउनको लागि खानेपानी आयोजनाहरुमा यसको निमार्ण गरीन्छ । यो जहिले पनि उचाई ठाउँमा मात्र बनाइन्छ जहाँबाट पानी पाइपबाट पुन: तलतीर बग्न सक्छ । बि.पि.टी बाट पानी झिक्न, केटाकेटीहरुलाई जथाभावी खेल्न दिने जस्ता कार्य गर्न दिनु हुदैन । बि.पि.टी. मा पानी फोहोर भएपछि फोहर पानी धारा बाट उपभोक्ताहरु समक्ष पुग्छ । त्यसकारण मानहोल कभर सधै छोपेर राख्नु पर्छ र यसको नियमित संभार तथा हेरविचार गर्नु पर्छ ।

**फेरो सिमेन्ट ट्यांक :**

आधुनिक प्रविधिबाट कम खर्चमा निर्माण हुने यस्तो ट्याकी फलामको डण्डी, तारको जालीमा भित्र बाहिर दुबै तर्फबाट प्लास्टर गरी बनाइन्छ । यसमा ८ एम.एम. (२.५ सुता) छड मात्र प्रयोग गरिन्छ । मोटो छड प्रयोग गरेमा चर्किने सम्भावना भई प्लास्टर उप्कन सक्छ र ट्यांकीबाट पानी चुहिन सक्छ । यसको सुरक्षा र नियमित संभार गरेमा २५-३० वर्ष भन्दा पनि बढि समय सम्म यसबाट सेवा लिन सकिन्छ । यसलाई तार बारको घेरा लगाउने तथा प्लास्टरको बेला ७ दिन सम्म अनिवार्य रुपमा पानी छर्की भिजाई राख्नु पर्छ । फेरी सिमेन्टको पानी टंकी विशेष खालको प्राविधिक, तालिम प्राप्त खा.पा.स.टे. ले मात्र बनाउन सक्छ । यसको छानामा केटा केटीहरुलाइ उफ्रन, खेल्न दिनु हुदैन । ठूला ढुङ्गा वा धारीलो चीजले हिर्काएमा टंकी फुट्न पनि सक्छ । त्यसैले निर्माण भैसकेपछि छानासम्म माटोले पुरिदिनु पर्छ र घाँस लगाई संरक्षण गर्नु पर्छ । यसो गर्दा पानीटंकी भित्रको पानी चिसो हुन्छ र टंकी लाई क्षति पुग्नबाट बचाउन सकिन्छ ।

**रिजर्भवायर ट्यांकी (पानी टंकी) :**

मुहानमा पानीको श्रोत, पानी उपभोग गर्ने जनसंख्या, डिजाइन अवधि आदिको दृष्टिकोणले खानेपानी आयोजनामा ठूलो पानी टंकी बनाउन आवश्यकता बारे अध्ययन गरी मात्र यसको निर्माण गरीन्छ । त्यस कारण हरेक खानेपानी योजनाहरुमा पानी ट्यांकी चाहिन्छ नै भनी भन्न सकिदैन । रिजर्भ्वायर र ट्यांकीमा फोहर गर्न दिनु हुदैन र नियमित संभार गर्नु पर्छ । ट्यांकीमा हिलो माटो आदि जम्मा हुने अवस्था भएमा वर्षको कम्तीमा २ पटक सफा गर्नु पर्छ । सफा गरे पछि अनिवार्य रुपले आवश्यक मात्रामा ब्लिचिङ्ग पाउडर पानीमा मिलाई पानी वितरण गर्नु पर्छ ।

**सामुदायिक धारा :**

सामुदायिक धाराबाट उपभोक्ता वर्गले पानी प्राप्त गर्ने भएकोले धारा र यसको वरिपरि सरसफाई गर्नु अति आवश्यक हुन्छ । प्रयोग नभएको बखत धाराको टुटी बन्द गरी राख्नु पर्छ । पानी निकासको लागि उचित ब्यवस्था मिलाउनु पर्छ । धारा निर्माण गर्दा त्यस धाराबाट पानी प्रयोग गर्ने घरधुरी सवैको पायक पर्ने बाटो भएको तथा पानी निकासको समस्या नभएको स्थानमा बनाउनु पर्छ । धारा निर्माण स्थल उपभोक्ताहरुको सल्लाहमा उपभोक्ता समितिले तोक्दछ । धारा निर्माण भई सके पछि त्यसलाई अन्यत्र सारिदैन । धाराको टुटी विग्रिएमा त्यस धाराबाट पानी प्रयोग गर्ने उपभाक्ता सबैले मिलेर पैसा उठाई तुरुन्त धाराको टुटी किनेर ल्याई मर्मत संभार कार्यकर्ताद्वारा फेर्न लगाउनु पर्छ । यसो नगरेमा पानी संचालनमा बाधा पर्न जाने हुन्छ र मर्मत

संभार कार्यकर्ताले त्यस धारामा पानी बन्द गर्न सक्छ । पानीको सेवा अविरल राख्न सबैको सहयोगको आवश्यकता हुन्छ ।

**सिमेन्ट :**

निर्माण कार्यमा प्रयोग गरिने सिमेन्ट साधारण तथा मुख राम्ररी बन्द गरिएको बोरामा पाइन्छ । डल्ला नपरेको पोर्टल्याण्ड सिमेन्टको प्रयोग गरिनु पर्दछ । सिमेन्टलाई पानी, शित, ठण्डी आदि बाट बचाउनु पर्छ । लामो अवधि सम्म खुल्ला मुख भएको बोराको सिमेन्ट प्रयोग गर्नु हुदैन । बोरामा सिमेन्ट निर्माता कम्पनीको छाप लागेको तथा गुणस्तर चिन्ह भएको हुनु पर्छ । आयोजनामा खटिएको प्राविधिकको सल्लाह अनुसार सिमेन्टको प्रयोग गरिनु पर्छ । कारखानाबाट निस्किएको मिति देखि बढीमा ६ महीना भित्र सिमेन्ट प्रयोग गरिसक्नु पर्छ । आयोजना निर्माण कार्यको लागि प्राप्त सिमेन्टलाई मौसमले असर नपर्ने गरी सुरक्षित ठाउँमा भण्डार गरी राख्नु पर्छ ।

**बालुवा :**

ढलान गर्न तथा मसला बनाउनको लागि मोटो, खस्रो बालुवाको प्रयोग गर्नु पर्छ । बालुवामा झारपात, माटो आदि मिसिएको हुनु हुदैन । प्रयोग गरीने बालुवा सफा पानीले पखाली माटो आदि हटाउनु पर्छ । चम्किलो पदार्थ (माईका) भएको बालुवा प्रयोग गर्नु हुदैन ।मसला बनाउनको लागि बालुवा चाल्नीमा चालेन मात्र प्रयोग गर्नु पर्छ । प्लास्टर गर्न प्रयोग हुने बालुवा राम्रो संग धुनु अनिवार्य छ ।

**गिट्टी :**

ढलान कार्यमा प्रयोग गरिने गिट्टीहरु कडा खालको हुनु पर्छ । चुन ढुंगाको गिट्टी प्रयोग गर्नु हुदैन । गिट्टीमा झारपात, कसिङ्गर, माटो आदि मिसिएको हुनु हुदैन । माटो मिसिएको गिट्टीलाई प्रयोग गर्नु अघि राम्ररी सफा पानीले पखाल्नु पर्छ र घांस, झारपात आदिलाई टिपेर फ्याक्नु पर्छ । यस्तो किसिमको मिसावट भएको गिट्टीबाट बनाइएको मसलाबाट ढलान कार्य कमजोर हुन जान्छ । ०.५ इन्च देखि १.५ इन्च साईज सम्मको मिश्रण भएको कुटेको वा खोलाको गिट्टी प्रयोग गर्नु पर्छ ।

**फलामे डण्डी :**

निर्माण कार्यको लागि विभिन्न किसिमको फलामे डण्डीहरु पाइन्छन् । निर्माण कार्यहरुको लागि प्राविधिकहरुले डिजाइन गरे अनुसारको छड प्रयोग गर्नु पर्छ । आयोजना निर्माण कार्यको लागि प्राप्त छडहरुलाई खिया नलाग्ने गरी सुरक्षित किसिमले राख्नु पर्छ र प्रयोग गर्नु अघि छडमा लागेको खिया खास्सीले दलेर राम्ररी सफा गर्नु पर्छ । फलामे छडलाई लामो अवधि सम्म प्रयोग नगरी राख्नु परेमा छडमा सिमेन्ट घोला लगाएर खिया लाग्नबाट बचाउन सकिन्छ । गुणस्तर चिन्ह प्रयोग भएको छडनै प्रयोगमा ल्याउनु पर्छ ।

**पोलिथिन पाइप :**

खानेपानी आयोजनाहरुमा प्राविधिक डिजाइन अनुसार विभिन्न साइज तथा सिरीजका पोलिथिन पाइपहरुको प्रयोग गरिन्छ । यस्ता पाइपहरुलाई माटोमा भएको रसायनिक पदार्थले असर गर्दैन तथा खिया लाग्दैन । ३ फिटको गहिराइमा पाइपलाई गाडेमा पचास वर्ष भन्दा बढी समय सम्म यसबाट राम्ररी काम लिन सकिन्छ ।



DRAFT

यो पाइप अन्य फलामे पाइपहरु भन्दा सस्तो भएको तथा टिकाउ भएकाले नै खानेपानी आयोजनाहरुमा यसको प्रयोग बढी गरिन्छ। पोलिथिन पाइप ढुवानी गराउन पनि सजिलो हुने भएकोले पहाडी क्षेत्रमा ज्यादा मात्रामा प्रयोगमा ल्याइएको हो । यो पाइपलाई धारीलो हतियारले तथा घामले क्षति पुऱ्याउन सक्ने भएको हुँदा पाइप बाहिर देखिने ठाउँहरुमा यसको प्रयोग विचार पुऱ्याएर मात्र गर्नु पर्छ ।

पोलिथिन पाइपको हरेक मीटर लम्बाइमा निर्माण कम्पनीको नाम, पाइपको साइज, सिरीज, तथा गुणस्तर चिन्ह प्रस्टसंग पढ्न सक्ने गरी लेखिएको हुन्छ । पाईपको सिरीज अनुसार यसमा विभिन्न रङ्गको धर्का लगाईएको हुन्छ ।

- पाइपमा पहेलो धर्का : ४ के.जी./से.मी.$^2$ (सामान्य बोलीचालीको भाषामा ४ के.जी. पाइप)
- पाइपमा निलो धर्का : ६ के.जी./से.मी.$^2$ (सामान्य बोलीचालीको भाषामा ६ के.जी. पाइप)
- पाइपमा रातो धर्का : १० के.जी./से.मी.$^2$ (सामान्य बोलीचालीको भाषामा १० के.जी. पाइप)

पाइप लाइपमा पाइप प्रयोग गर्दा प्राविधिकको सल्लाह बिना प्रयोग गर्न मिल्दैन । जमिनको धरातल, बगाउनु पर्ने पानीको मात्रा तथा उचाई हेरी विभिन्न स्थानमा विभिन्न तथा सेरीजका पाइपहरु प्रयोग गरीन्छन् ।

**जि. आइ. पाइप :**

ग्रामीण खानेपानी आयोजनाहरुको रिजर्भ्वायर र (पानी टंकी), कलेकसन च्याम्बर, धारा निर्माण, खोला, क्रशिङ्ग तथा पाइप उदाङ्गीने जस्ता ठाउँहरुमा यसको प्रयोग गरिन्छ । यो पाइप महंगो हुने भएकोले अत्यावश्यक ठाउँहरुमा मात्र यसको प्रयोग गरिन्छ। साधारण तथा निम्न पाइपहरुको प्रयोग गरिन्छ ।

- पाइपको छेउतीर पहेलो रङ्ग लागेको : हलका (लाई क्लास)
- पाइपको छेउतीर नीलो रङ्ग लागेको : मध्यम (मिडियम क्लास)
- पाइपको छेउतीर रातो रङ्ग लागेको : गह्रौ (हेभी क्लास)

**ढलान कार्य :**

खनेपानी आयोजना अन्तर्गत विभिन्न स्ट्रक्चरहरुको निर्माण गर्दा आवश्यकता हेरी ढलान कार्य गर्नु पर्ने हुन्छ । डिजाईन अनुसार सिमेन्ट, गिट्टी, बालुवा र पानी चाहिएको मात्रामा मिसाएर ढलान कार्यको लागि मसला तयार गरिन्छ । साधारण तथा खानेपानी आयोजनाहरुमा निम्नानुपातका ढलान कार्यहरु प्राविधिकको रेखदेखमा गराइन्छ।

(क) १:२:४: अनुपातको ढलान कार्य :

१ भाग सिमेन्ट
२ भाग बालुवा
४ भाग गिट्टी

तथा आवश्यक मात्रामा सफा पानीको प्रयोग गरी मसला तयार गरिन्छ।



DRAFT

(ख) १:३: ६: अनुपातको ढलान कार्य :

१ भाग सिमेन्ट

३ भाग बालुवा

६ भाग गिट्टी

तथा आवश्यक मात्रामा सफा पानीको प्रयोग गरी मसला तयार गरिन्छ ।

ढलान कार्य सम्पन्न भएको सुरुको सात दिन सम्म ढलान गरिएको भागलाई पानी छर्की भिजाएर राख्नु पर्छ । यो कार्यलाई क्यूरीङ्ग (curing) भनिन्छ । सिमेन्ट र पानीको रसायनिक क्रिया भई अत्याधिक ताप निस्कने भएकोले वास्पीकरण हुन दिनको लागि पानी अत्यावश्यक हुन्छ र यस बाट ढलान गरिएका भागले आवश्यक मजबुती  प्राप्त गर्दछ ।

**प्लास्टर गर्ने कार्य :**

डिजाइन अनुसार आवश्यक मात्रामा सिमेन्ट, बालुवा र पानी मिसाएर प्लास्टर कार्यको लागि मसला तयार गरिन्छ । खानेपानी आयोजनामा साधारणतया प्लास्टर १:४ (१ भग सिमेन्ट, ४ भाग बालुवा) मा गरिन्छ । पानी टंकी आदिमा आवश्यकता हेरी १:१५:३ को मसला पनि प्रयोग गरिन्छ । प्लास्टर गरिएको भागलाई पनि पानी छर्की क्यूरीङ्ग (curing) गर्नु पर्छ । पानी टंकी, बि.पि.टी., कलेक्सन च्याम्बर, धारा आदिमा प्लास्टरको साथ साथै एक भाग सिमेन्ट र एक भाग बालुवाको मसला तयार गरी पनिङ्ग गरीन्छ । यसबाट निर्माण भएको स्ट्रक्चर बाट पानी रसिन पाउदैन । पनिङ्ग गर्दा वाटर फ्रुफिङ्ग कम्पाउण्ड पनि प्रयोग गरिन्छ ।

DRAFT

# नेपाल सरकार
# स्थानीय विकास मन्त्रालय
# जिल्ला प्राविधिक कार्यालय
# स्वामित्व-पत्र

ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना खानेपानी तथा सरसफाई आयोजना

विवरण : नेपाल सरकार उपभोक्ता समूह

१. कुल लागत रु. ………………… …………………… ……………………

२. लाभान्वित जनसंख्या……………आयोजनाको क्षमताको जनसंख्या……………गा.वि.स.: ……………… वडा : ………… गाऊँ/टोल : ………………

३. प्रणाली :

इन्टेक किसिम ………………. श्रोतको किसिम ……………… संख्या ……………….

पानी पोखरी संख्या …………………क्षमता ……………………………………………

प्रसारण पाइप लाइन …………………… वि.पि.टि. संख्या ……………………………….

वितरण पाइप लाइन ………………………… भल्व चेम्वर संख्या ……………………

धाराको संख्या ……………………………. एयर भल्व संख्या …………………………

४. तालिम :

उपभोक्ता समिति : प्रारम्भिक …………….. पछिको …………. मर्मत संभार कार्यकर्ता ………… शिक्षक ……………. स्वास्थ्य कार्यकर्ता ………….. स्वयमसेवक : महिला…….पुरुष …………

५. मर्मत संभार कोष : रु. ……………… खाता नं. ……………. किसिम ………………. बैंकको नाम र स्थान ……………. पानी शुल्क : प्रति परिवार/धारा …………….

६. मर्मत संभारको लागि हस्तान्तरित औजार : जगेडा समान :

| | | |
|---|---|---|
| १. ………………………… | ५. ………………………… | १. ………………………… |
| २. ………………………… | ६. ………………………… | २. ………………………… |
| ३. ………………………… | ७. ………………………… | ३. ………………………… |
| ४. ………………………… | ८. ………………………… | ४. ………………………… |

| **स्वामित्व प्रदान गर्ने** | | **स्वामित्व प्राप्त गर्ने** |
|---|---|---|
| जिल्ला प्राविधिक कार्यालय प्रमुख | इन्जिनियर | अध्यक्ष<br>खानेपानी तथा सरसफाई समिति |
| नाम : ………………… | नाम : ………………… | नाम : ………………… |
| सही : ………………… | सही : ………………… | सही : ………………… |
| मिति : ………………… | मिति : ………………… | मिति : ………………… |
| कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

DRAFT

# प्रस्तावित विधान

…………………खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान २०…………………

स्वच्छ खानेपानी र स्वस्थ्य वातावरणको समस्या र आवश्यकतालाई ध्यानमा राखेर उपलब्ध सिमित श्रोत र साधनबाट निर्माण हुने भएका आयोजनाहरुको दिर्घकालीन उपयोग गराई स्थानिय वासिन्दाहरुलाई खानेपानी सुविधा पुऱ्याउन, सरसफाईको स्तर वृद्धि गराउन र जिवनस्तर उठाउन मद्दत पुऱ्याउने उद्देश्यले ………………अञ्चल …………… जिल्ला …………… गाऊँ/नगर विकास समिति वडा नं. ………… का स्थानिय खानेपानी तथा सरसफाई समिति गठन गरी आयोजनालाई स्थायीत्व दिनको लागि यो विधान तयार गरी जारी गरिएको छ ।

**परिच्छेद १**

१. संक्षिप्त नाम र प्रारम्भ : यो विधान नाम खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान २०………. रहने छ ।

(क) ठेगाना ………………. गा.वि.स. ……………. वडा नं. ………… मा रहने छ ।

(ख) यो विधान जलश्रोत ऐन २०४९ तथा नियमावली २०५० अनुसार स्थानीय प्रशासन कार्यालयमा दर्ता भएको मिति देखी प्रारम्भ भएको मानिने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को नलागेमा यो विधानमा उल्लेख भएको शब्दहरुले निम्न बमोजिमको अर्थ बुझाउने छ ।

(क) विधान भन्नाले खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान २०…..लाई जनाउने छ ।

(ख) समिति भन्नाले यस विधान बमोजिम गठन भएको खानेपानी उपभोक्ता तथा सरसफाई समिति भन्ने सम्झनु पर्दछ ।

(ग) आयोजना क्षेत्र भन्नाले आयोजना लागू भई उक्त आयोजनाबाट पत्यक्ष लाभ पुऱ्याउने क्षेत्र मात्र सम्झनु पर्छ ।

(घ) अध्यक्ष भन्नाले यो विधान बमोजिम गठन भएको समितिको अध्यक्ष भन्ने जनाउँछ ।

(ङ) उपाध्यक्ष भन्नाले यो विधान बमोजिम गठन भएको समितिको उपाध्यक्ष भन्ने जनाउँछ ।

(च) कोषाध्यक्ष भन्नाले यो विधान बमोजिम गठन भएको समितिको कोषाध्यक्ष भन्ने जनाउँछ ।

(छ) सचिव भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सचिव भन्ने जनाउँछ ।

(ज) सदस्य भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सदस्य भन्ने जनाउँछ ।

(झ) पदाधिकारी भन्नाले यो विधान बमोजिम गठित समितिका सदस्य लगायतका पदाधिकारी जनाउँछ ।

(ञ) कोष भन्नाले समितिले उपभोक्ताहरु बाट संकलन गरेको रकम र आयोजना सम्वन्धि कामको लागि प्राप्त वा अन्य श्रोतहरुबाट प्राप्त रकमलाई जनाउँछ ।

(ट) उपभोक्ता समूह भन्नाले खानेपानी आयोजनाबाट ओगट्ने क्षेत्र भित्रको प्रत्येक घरधुरीबाट १८ वर्ष पुरा भएको एक जनाको दरले बनेको उपभोक्ताहरुको समूहलाई जनाउँछ ।

**परिच्छेद २ :**

**उपभोक्ता समिति र समूह**

३. समितिको उद्देश्य : समिति गठन देहाय बमोजिमको उद्देश्यहरु रहनेछन् ।

(क) सम्बन्धित क्षेत्रमा निर्माण हुनलागेको वा सम्पन्न भएको खानेपानी आयोजनाको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

(ख) आयोजना निर्माण वापत प्राप्त रकमको उचित परिचालन गर्ने ।

(ग) आयोजना निर्माण मर्मत संभार तथा सुचारु रुपले संचालन गर्नको निमित्त उपभोक्ताहरुसंग नियमित रुपमा रकम संचालन गरी समितिको कोषमा जम्मा गर्ने ।

(घ) उपयुक्त एवं भरपर्दो किसिमको खानेपानी तथा सरसफाई आयोजनाको स्थापना, संचालन, मर्मत संभार एवं विकास गर्ने ।

(ङ) आयोजना मर्मत संभार तथा रेखदेखको निमित्त आवश्यक मर्मत संभार कार्यकर्ता राखी नियमित रुपमा आयोजनाको रेखदेर गर्न लगाउने ।

(च) जि.प्रा.का. लाई समुदाय परिचालन एवं आवश्यक जनसहभागिताको व्यवस्था गर्न गराउन सहयोग गर्ने ।

(छ) खानेपानी सम्बन्धी कुनै विवाद आएमा समाधान गर्ने, गराउने ।

(ज) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा जनचेतना अभिवृद्धि गर्ने ।

(झ) आयोजना सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

**४.उपभोक्ता समूहको भेला :**

(क) साधारणतया उपभोक्ता समूहको भेला कम्तिमा बर्षमा २ पटक हुनेछ ।

(ख) आयोजना क्षेत्रको २० प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा वा समितिका सम्पूर्ण सदस्यको बहुमतले उपभोक्ता समूहको भेला बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र उपभोक्ता समितिको भेला बोलाउनु पर्नेछ ।

(ग) उपभोक्ता समूहको भेला हुने मिति, समय, स्थान अध्यक्षले तोके बमोजिम हुनेछ ।

(घ) उपभोक्ता समूहको भेलाको अध्यक्षतामा समितिको अध्यक्षले, निजको अनुपस्थितमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(ङ) उपभोक्ता समूहको भेला ३ (तीन) दिन अगावै सबै उपभोक्ताहरुलाई भेला हुने स्थान, समय, मिति र सो भेलामा छलफल हुने विषयहरु समेत खुलाई सार्वजानिक रुपमा जानकारी दिईनेछ ।

(च) साधारण सभाको लागि सम्पूर्ण उपभोक्ता संख्याको ५१ प्रतिशत उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

(छ) पहिलो पटक सूचना दिई गराइएको भेलामा बस्दा गणपुरक संख्या नपुग भएमा दोस्रो पटक ३ (तीन) दिनको म्याद दिई भेला हुने पुन : सूचना दिईनेछ ।

(ज) यसरी गणपुरक संख्या नपुगी दोस्रो पटकको सूचना बमोजिम भेला हुँदा कुल उपभोक्ता संख्याको २५ प्रतिशत उपभोक्ताहरुको उपस्थितिलाई गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(झ) अन्यथा उल्लेख भए बाहेक कुनै पनि निर्णय उपस्थित सदस्यको बहुमतबाट गरिने छ ।

(ञ) पहिलो पटकको भेला गा.वि.स.को अग्रगामित्वमा बस्न सक्नेछ ।

(ट) भेलामा संभव भएसम्म सम्वन्धित क्षेत्रको सांसद, जि.वि.स. सभापति, उप-सभापति, इलाका सदस्यहरु तथा गा.वि.स. सदस्यहरुलाई आमन्त्रित गर्न सकिने छ ।

**५. उपभोक्ता समूहको काम कर्तब्य र अधिकार :**

(क) आयोजना निर्माण, संचालन र मर्मत संभारकालाई आवश्यक विधान पारित गरी लागू गराउने ।

(ख) उपभोक्ता समूहको भेलाद्वारा उपभोक्ताहरु मध्येबाट समितिको पदाधिकारीहरुको छनौट् गर्ने ।

(ग) समितिको खर्चको लेखा परिक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

(घ) आयोजनाको आर्थिक श्रोतको आधारमा उपभोक्ता समितिले तयार गरी पेश गरेको वार्षिक आय-व्ययको अनुमान स्वीकृत गर्ने ।

(ङ) आयोजनाको दिर्घकालीन संचालनका लागि आवश्यक पर्ने काम कार्यवाहीमा समितिलाई सहयोग पुऱ्याउने ।

**६. खानेपानी उपभोक्ता तथा सरसफाई समितिको गठन :**

(क) आयोजना क्षेत्र भित्रका उपभोक्ताहरुको भेलाले सवै धाराबाट प्रतिनिधित्व हुने गरी आफुमध्येबाट एक खानेपानी उपभोक्ता तथा सरसफाई समिति गठन गर्ने छ । सो समितिमा कम्तीमा ३३% महिला समेत बढीमा ११ जना सदस्य रहने छन् । यसरी समिति गठन गर्दा सो क्षेत्रका समपूर्ण उपभोक्ताहरु मध्ये ५० प्रतिशत भन्दा बढी घरधुरीका उपभोक्ताहरुको उपस्थितिबाट छनौट् भएको हुनुपर्नेछ । सानो प्रणालीको लागि उपभोभक्ता समितिमा ५ जना सम्मको समिति हुनसक्छ ।

(ख) यसरी गठित समितिका पदाधिकारीहरु निम्न बमोजिम हुनेछन ।

(१) अध्यक्ष १

(२) उपाध्यक्ष १

(३) कोषाध्यक्ष १

(४) सचिव १

(५) सदस्य वढीमा ७ जना सम्म ।

(ग) उपभोक्ता समितिको पदाधिकारीहरुको पदावधि चार वर्षको हुने छ र कुनै पदाधिकारी पुन : छनोट् हुन सक्नेछ ।

**७. खानेपानी उपभोक्ता तथा सरसफाई समितिका पदाधिकारीहरुको योग्यता :**

(क) परिपक्व, सक्रिय र समितिको कामको लागि समय दिन सक्ने ।

(ख) विभिन्न उपभोक्ता समूहको प्रतिनिधित्व गर्न सक्ने ।

(ग) उपभोक्ताहरु लाई सगठन गर्न समक्ष भएको ।

(घ) गाउँले वा उपभोक्ताहरुको आदर, विश्वास प्राप्त भएको ।

(ङ) आफ्नो घर आँगन सरसफाई गर्ने बानी भएको, चर्पी बनाउने वा चर्पी बनाउने जोश जाँगर भएको, फोहर मैलाको उचित तरीकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा सधैं अगुवा भै गाउँलेहरुको वीच उदाहरणको रुपमा प्रस्तुत हुन सक्ने ।

(च) तालिममा सहभागी हुन सक्ने र खानेपानी अयोजनाको तर्जुमा, निर्माण कार्य संचालन तथा मर्मत संभारमा निरिक्षण, मूल्याङ्कन तथा अनुगमन जस्ता विभिन्न कार्यका लागि व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्नसक्ने ।

(छ) दृश्य वा अदृश्य रुपमा खानेपानी आयोजना वा अन्य ठेकेदारी काममा संलग्न नभएको वा भविश्यमा पनि हुन नहुने ।

(ज) समितिका पदाधिकारीहरु साधारणतया लेखपढ गर्न सक्ने हुनुपर्ने छ ।

DRAFT

**८. समितिका पदाधिकारीहरुको अयोग्यता :**

(क) मानसिक वा शारीरिक रुपले अस्वस्थ्य भएको ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ।

**९. उपभोक्ता समितिको भेला :**

(क) उपभोक्ता समितिको भेला कम्तिमा ३ महिनामा १ पटक (वर्षको ४ पटक) बस्ने छ । आवश्यकता अनुसार थप भेला राख्न सकिने छ ।

(ख) समितिको भेला अध्यक्षले तोकेको समय, मिति र स्थानमा सचिवले बोलाउनेछ ।

(ग) समितिको भेलाको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा समितिको भेलामा उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(घ) समितिको भेलामा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिने छ ।

(ङ) उपभोक्ता समितिको भेलाको सुचना भेला वस्नु भन्दा कम्तिमा ३ दिन अगावै समितिका सदस्यहरुलाई दिनुपर्नेछ ।

(च) पहिलो पटक सूचना गरी बसेको उपभोक्ता समितिको भेलामा गणपुरक संख्या नपुगेमा दोस्रो पटक पुनः ३ दिनको सूचना गरिनेछ ।

(छ) दोस्रो पटक सूचना गरी बोलाइएको भेलामा २५ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक मानिने छ ।

(ज) अन्यथा उल्लेख भएबाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिनेछ ।

(झ) भेला सम्वन्धि अन्य कार्य विधि समिति आफैले निर्धारण गर्नेछ ।

**१०. विशेष भेलाको ब्यवस्था :**

३५ प्रतिशत भन्दा बढी सदस्यले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र विशेष भेला बोलाईने छ ।

**११. उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) उपभोक्ता समूहका भेलाले पारीत गरेको निर्णयहरु जिल्ला प्राविधिक कार्यालयमा पठाउने र सोको कार्यान्वयन गर्ने, गराउने ।

(ख) समितिको प्रतिनिधित्व गरी आयोजनाको सम्झौता गर्ने ।

(ग) नेपाल सरकार तथा दातृ संस्थाबाट उपलब्ध साधन श्रोतको परिचालनको साथै आयोजनालाई आवश्यक पर्ने स्थानीय श्रोत साधन समेत उपलब्ध गर्न गराउन जि.प्रा. कार्यालयलाई सहयोग गर्ने ।

(घ) आयोजनाको निर्माण अवस्था देखिनै व्यवस्थित रुपमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ङ) आयोजना शुरुहुँदा देखिनै आवश्यक मात्रामा जनसहभागिता जुटाउने व्यवस्था मिलाउने ।

(च) मर्मत संभार कोष खडा गर्नको लागि आयोजनाको कुल लागतको १% रकम सम्वन्धित उपभोक्ताहरुबाट संकलन गर्ने ।

(छ) आयोजनाको मर्मत संभार, रेखदेख तथा सुचारुरुपले संचालन गर्नको लागि उपभोक्ताहरुसंग नियमितरुपले प्रत्येक महिनामा रकम संकलन गरी समितिको कोषमा जम्मा गर्ने ।

(ज) आयोजनाको मूल, जग्गा तथा पाइप लाइन सम्बन्धि वा अन्य कुनै कुराको विवाद उठेमा सोको सामाधान गर्ने र सो को जानकारी जि.प्रा. का. जिल्ला योजना कार्यालय मा दिने ।

(झ) आयोजना सुचारुरुपले सञ्चालन गर्न तथा रेखदेख गर्नको लागि आवश्यक संख्यामा मर्मत संभार कार्यकर्ताको छनौट गर्ने र निजको पारिश्रमिक तोक्न तथा सो को जानकारी जि.प्रा का. जिल्ला योजना कार्यालय मा दिने ।

(ञ) समितिले आफ्नो कार्य नियमित एवं सुचारुरुपले संचालन गर्न आवश्यकता परेमा आफ्नो मातहतमा उपसमिति गठन गर्न सक्नेछ ।

(ट) आयोजना हस्तान्तरण भैसकपछि थप धाराहरुको माग भई आएमा पानीको श्रोत पर्याप्त भै पानी संचालनमा कुनै बाधा नपर्ने भएमा समितिको भेलाबाट निर्णय गराई जि.प्रा.का. बाट स्वीकृति लिई थप धारा दिन सक्नेछ ।

(ठ) आयोजनाको हानी नोक्सानी गर्ने व्यक्तिलाई उचित कार्यकाही गर्ने र दण्ड जरीवाना तोक्ने ।

(ड) आयोनजामा प्राकृतिक प्रकोप जस्तैः भूकम्प, वाढी पहिरो आदिले क्षती गरेमा मर्मत संभार गर्न सोको जि.प्रा.का.लाई जानकारी दिने र समितिले गर्न नसक्ने भएमा पुनः निर्माणका लागि जि.प्रा. कार्यालयमा रितपूर्वक माग गर्ने ।

(ढ) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा सो बारे जनचेतना अभिवृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

(ण) फोहर फाल्ने खाडल, चर्पी आदि आयोजना क्षेत्रका घर परिवार तथा सार्वजनिक स्थलहरुमा बनाउने तथा बनाउन लगाउने ।

(त) मर्मत कार्यकर्ता एवं स्वयंसेवक तथा स्वयंसेवीकाहरुको सहयोगबाट खानेपानी प्रणालीको संचालन संभारको सथै स्वास्थ्य शिक्षा, सरसफाई एवं वातावरण संरक्षण अभियान सुचारुरुपले संचालन गर्ने तथा चालु राख्ने ।

(थ) आय-ब्ययको हिसाव राम्रोसंग राखी वार्षिक रुपमा लेखा परिक्षण गराउने र सो को अनुमोदन लागि उपभोक्ता समूहको भेलामा राख्ने र त्यसको जानकारी जि.प्रा.का.लाई पठाउने ।

(द) समितिको कोष ब्यवस्थित बनाउन बैंकमा खाता खोली रकम जम्मा गर्ने र आवश्यक परेको बेलामा समितिबाट पासगराई झिक्ने ।

(ध) समितिको कुनै पद रिक्त हुन आएमा उपभोक्ता समूहको भेला नभएसम्मका लागि उपभोक्ता समूह मध्येबाट समितिको भेलाले त्यस्तो पदमा मनोनित गर्ने र पछि उपभोक्ता समूहको भेलाबाट सोको अनुमोदन गराउने ।

(न) नियमानुसार समितिलाई प्रत्येक वर्ष नविकरण गराउने ।

(प) समिति वा स्थानीय उपभोक्ता बाट गराउने भनि मन्जुर गरिएको काम प्रत्यक्ष वा अप्रत्यक्ष तवर ले अन्य ठेकेदारबाट गर्न वा गराउन पाईने छैन् ।

(फ) यी माथी उल्लेख गरिएको बाहेक समितिको अन्य काम कर्तव्य र अधिकार उपभोक्ता समूहको भेलाले निर्धाण गरे बमोजिम हुनेछ ।

## १२ पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :

१२.१ **अध्यक्ष** : अध्यक्षको काम,कार्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) उपभोक्ता समूह र उपभोक्ता समितिको भेलाको अध्यक्षता गर्ने, प्रत्येक निजी वा सार्वजानिक धाराबाट पानी महसुल संकलन गर्ने र सो रकम कोषमा बांधी आयोजना संचालन तथा संभार कार्यमा प्रयोग गर्ने ।

(ख) उपभोक्ता समूह र उपभोक्ता समितिको भेला हुने मिति, समय र स्थान तोक्ने आयोजना निर्माण मर्मत अवधिमा उ.स.ले गरेको कार्यको जि.प्रा.का.बाट भएको भुक्तानी तथा निर्माण सामाग्री, कार्यमा संलग्न कामदारहरुको पुरा तथा आंशिक ज्याला भुक्तानी तथा जनश्रमका छुट्टा-छुट्टै विवरण राख्ने तथा जि.प्रा.का.बाट निकासा भएको रकम कोषमा जम्मा गर्ने ।

(ग) आयोजना समितिको भेलामा मत बराबर भए निर्णायक मत दिने ।

(घ) आयोजना बारे दैनिक जानकारी राख्ने ।

(ङ) समय समयमा जि.प्रा.कार्यालयलाई आयोजनाको अवस्था बारेमा जानकारी गराउने ।

(च) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धि जानकारी लिने दिने र भेलालाई

१२.२ **उपाध्यक्ष** : उपाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सम्पूर्ण कार्य गर्ने ।

(ख) अध्यक्षलाई कार्य सम्पादनमा सहयोग पुऱ्याउने ।

(ग) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको लागि विभिन्न कार्य गर्ने ।

१२.३ **कोषाध्यक्ष** : कोषाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको निकटतम सम्पर्कमा रही कार्य गर्ने ।

(ख) समितिको नाममा जम्मा हुन आएको चल-अचल, नगद, जिन्सी आदि सम्पत्तीको जिम्मा लिई त्यसको हिसाव किताव तथा श्रेस्ता अध्यावधिक राख्ने ।

(ग) समितिको आर्थिक कारोबारको रेखदेख र नियन्त्रण गर्ने ।

(घ) प्रत्येक आम्दानी र खर्चको फाँटवारी तयार गरी दुरुस्त राख्ने ।

(ङ) प्रत्येक वर्ष कम्तीमा वर्षको एक पटक उपभोक्ता समूहको भेलामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई खर्चको अनुमोदन गराउने ।

(च) अध्यक्षसंगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली संचालन गर्ने ।

(छ) खानेपानी तथा सरसफाई आयोजना संचालनमा नियमानुसार उपभोक्ता समितिको दायित्व पुरागर्न श्रोत परिचालन गर्ने काम लगायत अन्य काममा अध्यक्षलाई सहयोग र सल्लाह दिने ।

(ज) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्वन्धि समय समयमा जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

(झ) अन्य आवश्यक तोकिएको काम गर्ने ।

१२.४ **सचिब** : सचिवको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिको निर्णय बमोजिम उपभोक्ता समूहको भेला बोलाउने ।

(ख) अध्यक्षको आदेश बमोजिम उपभोक्ता समितिको भेला बोलाउने ।



DRAFT

(ग) उपभोक्ता समूह र समितिको भेलाको छलफल तथा निर्णयको अभिलेख राख्ने ।
(घ) उपभोक्ता समूह र उपभोक्ता समितिको भेलाको निर्णयहरुको प्रमाणित गर्ने ।
(ङ) उपभोक्ता समितिको तर्फबाट भेलामा समितिको वार्षिक प्रतिवेदन पेश गर्ने ।
(च) विधान नीति र निर्णय अनुरुप उपभोक्ता समितिको तर्फबाट लेखा पढी गर्ने ।
(छ) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्वन्धि जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।
(ज) उपभोक्ताहरुको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमति लिई अन्य आवश्यक कार्य गर्ने ।

१२.५ **सदस्य** : सदस्यहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) समितिको भेलामा सक्रिय रुपले भाग लिने ।
(ख) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको निमित्त कार्य गर्ने ।
(ग) आफ्नो समूहको उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।
(घ) आयोजना सम्बन्धी कुनै समस्या आइपरेमा उचित तवरले समाधान गर्न प्रयत्न गर्ने ।
(ङ) समिति र उपभोक्ता समूहको भेलाले निर्णय गरेको कुराहरु कार्यान्वियन गर्न सहयोग गर्ने ।

**१२.६ सल्लाहकारको ब्यवस्था**

उपभोक्ताहरुको भेलाले सम्बन्धित आयोजना भित्रका उपभोक्ताहरु वा आयोजना भित्रका उपभोक्ताहरु नभएको तर गाउँको प्रतिष्ठित व्यक्तिहरुसंग सल्लाह लिन आवश्यक ठानेर राख्न चाहेमा बढीमा ३ जनासम्म सल्लाहकार राख्न सक्नेछन् तर यस्ता सल्लाहकारहरुको निर्णय गर्ने अधिकार भने हुने छैन ।

## परिच्छेद ३ : कोषको ब्यवस्था

१३ कोषको ब्यवस्था :

समितिको कोषको श्रोत देहाय बमोजिम हुनेछ
(क) समितिको कुनै श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान ।
(ख) दण्ड-जरीवानाबाट उठेको रकम ।
(ग) समितिले प्राप्त गरेको ऋण ।
(घ) उपभोक्ताहरुबाट उठाइएको पानी महशुल बचत भएको रकम वा अन्य श्रोतवाट प्राप्त रकम ।

१४. **मर्मत संभार कोष** (**अक्षय कोष**) :
(क) आयोजनाको कूल लागतको १% प्रतिशत रकम उपभोक्ताबाट संकलन गरी एक मर्मत संभार कोष खडा गरिने छ ।
(ख) यो कोषको रकम मुद्दती खातामा राखी यसको ब्याजबाट आएको रकम साधारण कोषमा दाखिला गरी अत्यावश्यक भएमा मर्मत संभारको लागि झिक्न सकिने छ ।



DRAFT

**१५. साधारण कोष (बचत/चालुखाता) :**

(क) आयोजनाको कार्य संचालनको लागि मर्मत संभार कोषको ब्याजबाट प्राप्त रकम तथा पानी महशुल उठाई प्राप्त गरेको रकम लगायत अन्य श्रोतबाट प्राप्त सबै रकम जम्मा गरी एक साधारण कोष खडा गरिने छ।

(ख) समितिको तर्फबाट गरिने सबै खर्च यसै कोषबाट ब्यहोरिने छ।

(ग) यो कोषको संचालन उपभोक्ता समितिको अध्यक्ष र कोषध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ।

**१६. लेखा परिक्षण :**

उपभोक्ता समिति एक आधिकारिक संस्था भएको हुँदा आयोजना निर्माण हुनु अघि र पछि समितिको नाममा प्राप्त सबै प्रकारको चल अचल सम्पत्ती उपर समितिको स्वामित्व हुनेछ।

**१७. लेखा परिक्षण :**

(क) समितिको खर्चको लेखा परिक्षण प्रत्येक वर्ष आश्विन महिना भित्र उपभोक्ता समितिको भेलाले नियुक्त गरेको लेखा परिक्षकबाट गराईने छ।

(ख) लेखा परिक्षणको प्रतिवेदन अनिवार्य रुपमा जि.प्रा.का. मा पठाइने छ।

## परिच्छेद ४: विविध

**१८. अविश्वासको प्रस्ताव :**

(क) समितिको कुनै वा सबै पदाधिकारी विरुद्ध पद अनुसारको आचरण नगरेको भनी उपभोक्ता समूहका २५ प्रतिशतले लिखित निवेदन समितिमा दर्ता गरेमा अध्यक्षले निवेदन दर्ता भएको ७ दिन भित्र उपभोक्ता समूहको भेला बोलाउनेछ र सो भेलामा खानेपानी आयोजनाबाट लाभान्वित हुने कम्तीमा ५१ प्रतिशत घर धुरी संख्याको सदस्य उपस्थित हुनु पर्नेछ। यसरी उपस्थित सदस्यको २/३ बहुमतले सो प्रस्ताव पारित गरेमा निज पदाधिकारी आफ्नो पदबाट हट्नेछ।

(ख) तर उपभोक्ता समूह वा समितिले अविश्वासको प्रस्ताव राखेको त्यस्तो पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ।

**९. सदस्यबाट मुक्त हुने अन्य अवस्था :**

(क) मृत्यु भएमा।

(ख) बसाई सरी अन्यत्र गएमा।

(ग) कुनै पदाधिकारी आफ्नो पदबाट चाही अध्यक्ष समक्ष राजीनामा पेश गरेमा तथा त्यस्तो राजीनामा समितिको बहुमतबाट स्वीकृत भएमा।

(घ) कुनै पदाधिकारी मनासिव कारण नदेखाई विना सूचना लगातार ४ पटक सम्म समितिको भेलामा अनुपस्थित भएमा त्यस्तो पदाधिकारीलाई समितिको निर्णय अनुसार पदबाट मुक्त गर्न सकिनेछ।

(ङ) मानसिक असन्तुलन भएमा वा बहुलाएमा।

**२०. समिति भङ्ग हुन सक्ने अवस्था :**

DRAFT

उपभोक्ता समूहको भेलामा उपस्थित ५१ प्रतिशत भन्दा वढी घरधुरी संख्याको उपभोक्ताहरु मध्ये दुइ तिहाइ उपभोक्ताहरुको सहमतिबाट समितिले राम्रो काम गरेको छैन भन्ने ठानेर हालको उपभोक्ता समिति भंग गर्ने निर्णय गरेमा त्यस्तो समिति भंग हुनेछ । तर आयोजनाको काममा बाधा पर्न नदिन तुरुन्त सोहि भेलाले अर्को समिति गठन गर्नु पर्नेछ ।

**२१. विधान संशोधन तथा नियमावली तर्जुमा :**

(क) यस विधानका दफाहरु आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले संशोधन गरी उपभोक्ता समूहको भेलाद्वारा अनुमोदन गराउनुपर्नेछ । यसरी उपभोक्ता समूहको बहुमतले पारीत गरेको संशोधन सम्वन्धि प्रस्ताव स्थानीय प्रशासन कार्यालयको स्वीकृति भएको मिति देखी लागु हुनेछ ।

(ख) समितिले यो विधान बमोजिमको उद्देश्य प्राप्त गर्न अन्य नियम आफै बनाउन सक्नेछ ।

(ग) यो विधान प्रारम्भ हुँदा बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिने छ ।

**२२. खारेजी बचाऊ :**

(क) यो विधान पारित भई लागू हुनु अगाडी उपभोक्ता समितिको भेला बाट निर्णय भई सम्पादन भएका कार्यहरु यसै विधान बमोजिम भए गरे सरह मानिनेछ ।

(ख) यस विधान अर्न्तगत गठित उपभोक्ता समिति आयोजना संचालन रहने अवधि भर कायम रहनेछ ।

(ग) कुनै परिस्थितिमा समिति कायम रहन नसक्ने अवस्था आइपरेमा समितिको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(घ) यस विधानमा नभएको वा प्रचलित नेपाल कानून संग बांझिएको हकमा प्रचलित नेपाल कानून बमोजिम र अरु कुराको हकमा यसै विधान बमोजिम हुनेछ ।

DRAFT